# बजेट, नीति तथा कार्यक्रम

आ.व. २०७५/०७६




## कृष्णपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मुलरिया, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल


KRISHNAPUR MUNICIPALITY
Legend
AGRICULTURAL AREA
COMMERCIAL AREA
CULTURAL AREA
FOREST AREA
RIVER / POND
INDUSTRIAL AREA
PUBLIC AREA
RESIDENTIAL AREA
0
2.5
5
10
15
20
Kilometers

प्रकाशक :

# कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रकाशन मिति :- २०७५ असोज

संस्करण:- प्रथम २०७५ असोज

© सर्वाधिकार : प्रकाशकमा

Krishnapur Municipality
Office of Municipal Executive
Gulariya, Kanchanpur
Sudurpaschim Province, Nepal

Contact: 099-412041; 412042; 412043; 412019; 412046
Toll Free Number: 16609952111
Email: kishnapurmun@gmail.com, ito.krishnapurmun@gmail.com
Website: http://www.krishnapurmun.gov.np/
Facebook Page: https://www.facebook.com/krishnapurmun

कृष्णपुर नगरपालिका

कृष्णपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कंचनपुर

७ नं. प्रदेश, नेपाल




## प्राक्कथन

नेपालको सुदुर पश्चिमी भेगको ७ नम्बर प्रदेश, कञ्चनपुर जिल्लाको पूर्वमा पर्ने यो नगरपालिकाको तेश्रो नगर सभाद्वारा आ.व. २०७५/०७६ का लागि पारित गरिएको वार्षिक नीति तथा कार्यक्रम, बजेट र आर्थिक ऐन तथा विनियोजन ऐन समेत समेटिएको पुस्तक प्रकाशन गर्न पाएकोमा म अत्यन्त खुसी भएको छु ।

सहभागितामुलक योजना तर्जुमा पद्धतिलाई अवलम्बन गरी बस्ती स्तरबाटै सबै क्षेत्रका योजनाहरु माग गरी स्थानीय माग र आवश्यकता समेतलाई विचार गरी सबै वर्गको सहभागितामा योजना तर्जुमाको कार्य गरिएको छ । स्थानीय स्तर मै नव–निर्वाचित जनप्रतिनिधिहरु लाई सक्रिय बनाई योजनाहरुलाई प्राथमिकता तोक्न लगाई सबै क्षेत्रका योजनाहरुलाई सम्बोधन गर्ने प्रयास गरेका छौ ।

नगरपालिकालाई नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलब्ध सीमित श्रोतलाई मध्यनजर गरी नगरपालिकाकै गौरवका आयोजनाहरु पहिचान गरी योजनाहरुलाई संघ तथा प्रदेश सरकारको समपुरक अनुदानको माध्यमबाट पूरा गर्नेगरी प्राथमिकीकरण गरिएको छ । योजना तर्जुमा गर्ने क्रममा संघीय सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्ग निर्देशनलाई आधार मानी नेपालको संविधान, २०७२ को भावना अनुसार लक्षित वर्ग, महिला, बालवालिका, दलित, जनजाति, जेष्ठ नागरिक, अपाङ्ग, पिछडिएको वर्गका लाई समेत प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको छ ।

नगरपालिकाको तेश्रो नगर सभाबाट नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, विनियोजन ऐन २०७५, आर्थिक ऐन २०७५ पारित गर्ने कार्यमा आफ्नो अमूल्य सहयोग प्रदान गर्ने नगर सभाका सदस्यहरु, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सदस्यहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यहरु, राजस्व परामर्श समितिका सदस्यहरु, कर्मचारी वर्ग, गैर सरकारी संस्थाहरु लगायत सम्बद्ध सम्पूर्ण नगरवासी महानुभावहरुमा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै नगर विकासमा हामी सम्पुर्ण जनप्रतिनिधिहरु मन, वचन र कर्मले प्रतिबद्ध रहेको र यस आर्थिक बर्षमा कार्यान्वयन हुने गरी नगर सभाबाट पारीत योजनाहरुको कार्यान्वयनका लागि सम्पूर्ण नगरबासीहरुको सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद !

कर्ण बहादुर हमाल

नगर प्रमुख

कृष्णपुर नगरपालिका

# बिषय सुची


| सि.नं. | विवरण | पाना नं. |
|---|---|---|
| १ | कृष्णपुर नगरपालिका एक परिचय | ०१ |
| २ | कृष्णपुर नगरपालिकाको आ.व. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम | ०२ |
| ३ | कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को बजेट तथा कार्यक्रम | १० |
| ४ | कृष्णपुर नगरपालिकाको विनियोजन ऐन, २०७५ | १३ |
| ५ | कृष्णपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन, २०७५ | १४ |
| ६ | आर्थिक वर्ष २०७४/०७५ को वार्षिक आयब्यय विवरण | २५ |
| ७ | आ.ब २०७५/०७६ को बजेट तथा कार्यक्रमहरुको विवरण | २६ |
| ८ | वडा नम्बर १ का वडाबाट विनियोजित योजनाहरु | ३० |
| ९ | वडा नम्बर २ का वडाबाट विनियोजित योजनाहरु | ३१ |
| १० | वडा नम्बर ३ का वडाबाट विनियोजित योजनाहरु | ३२ |
| ११ | वडा नम्बर ४ का वडाबाट विनियोजित योजनाहरु | ३३ |
| १२ | वडा नम्बर ५ का वडाबाट विनियोजित योजनाहरु | ३४ |
| १३ | वडा नम्बर ६ का वडाबाट विनियोजित योजनाहरु | ३५ |
| १४ | वडा नम्बर ७ का वडाबाट विनियोजित योजनाहरु | ३६ |
| १५ | वडा नम्बर ८ का वडाबाट विनियोजित योजनाहरु | ३७ |
| १६ | वडा नम्बर ९ का वडाबाट विनियोजित योजनाहरु | ३८ |
| १७ | महिला तथा बालबालिका शाखाको वार्षिक कार्यक्रम तथा बजेट | ३९ |
| १८ | कृषि विकास शाखाको वार्षिक कार्यक्रम तथा बजेट | ४० |
| १९ | पशुसेवा शाखाको वार्षिक कार्यक्रम तथा बजेट | ४१ |
| २० | स्वास्थ्य शाखाको वार्षिक कार्यक्रम तथा बजेट | ४२ |
| २१ | शिक्षा शाखाको वार्षिक कार्यक्रम तथा बजेट | ४२ |
| २२ | चालु खर्चको बाडफाड | ४३ |
| २३ | संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानका कार्यक्रमहरु | ४४ |
| २४ | तेस्रो नगर सभाका नितिगत निर्णयहरू | ५६ |
| २५ | नगर कार्यपालिकाका पदाधिकारीहरुको नामावली तथा सम्पर्क | ६३ |
| २६ | नगर सभाका सदस्यहरु (कार्यपालिकाका सदस्य बाहेक) को नामावली तथा सम्पर्क | ६३ |
| २७ | कृष्णपुर नगरपालिकामा कार्यरत कर्मचारीको विवरण | ६४ |


कृष्णपुर नगरपालिका

# कृष्णपुर नगरपालिका एक परिचय

**ऐतिहासिक परिचय:**

कृष्णपुर नगरपालिका एक सुन्दर र प्राकृतिक सुन्दरताले भरिपूर्ण नगरपालिका हो । कृष्णपुर गा.वि.स. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२/०५/३१ गतेको निर्णय अनुसार नगरपालिका घोषणा भई प्रदेश नम्बर ७ अन्तर्गत कञ्चनपुर जिल्लाको पुर्वी सिमानामा प्रदेश द्वारको रुपमा अवस्थित छ । कञ्चनपुर जिल्लाको पुर्वी सिमानामा रहेको साविक कृष्णपुर नगरपालिका, साविक रैकवार विचवा गा.वि.स र साविक देखतभुलि गा.वि.स वार्ड नं. ९ को क्षेत्रफल भित्र पर्ने सम्पूर्ण क्षेत्र कृष्णपुर नगरपालिका हो ।

**प्रशासनिक विभाजन**: ९ वटा वडा

**भौगोलिक स्थिती**: प्रदेश नं. ७ अन्तर्गत कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नं. २ मा यो नगर अवस्थित छ ।

**अवस्थिति** :२८°४२´४२˝ देखि २९°०२´१३˝उत्तरी अक्षांश

८०°२३´१४˝ देखि ८०°३३´३०˝ पूर्व देशान्तर

समुद्र सतहबाट १०० मिटर देखि १००० मिटर सम्म उचाइमा अवस्थित

**क्षेत्रफल**: २५५.२० व. कि. मि.

**सिमाना:**

| | | |
|---|---|---|
| पूर्व | : | कैलाली जिल्लाको गोदावरी नगरपालिका र धनगढी उप महानगरपालिका |
| पश्चिम | : | शुक्लाफाँटा नगरपालिका र लालझाडी गाउँपालिका |
| उत्तर | : | डडेल्धुरा जिल्लाको परशुराम नगरपालिका |
| दक्षिण | : | लालझाडी गाउँपालिका र पुनर्वास नगरपालिका |

**हावापानी :**

तराईको नगरपालिका भएकाले यहाँको हावापानी उष्ण तथा उपोष्ण प्रकारको छ । नगरपालिका क्षेत्रको अधिकतम तापक्रम गर्मी याममा ४३० सेल्सियस देखि जाडो याममा न्युनतम ६.९६० सेल्सियस सम्म रेकर्ड गरिएको छ । यहाँ वार्षिक सरदर १५७५ मि.मि. सम्म वर्षा हुने गर्दछ ।

**भू -धरातल:**

यस नगरपालिकाको अधिकांश भू - धरातल समतल रहेको पाइन्छ । उत्तरी सीमा तर्फको जमिन भने समुद्र सतहबाट करिब १००० मिटर सम्मको उचाई रहेको हुनाले अधिकांश भू-भाग उत्तरबाट दक्षिणतर्फ पानीको बहाव हुने समतल किसिमको पाइन्छ ।

**भू -उपयोग :**

बनजंगलको धनी रहेको यस कृष्णपुर नगरपालिकामा ६३.१६ प्रतिशत बन क्षेत्र रहेको छ भने २६.४८ प्रतिशत क्षेत्र कृषि क्षेत्र रहेको छ | विभिन्न ३ वटा नदि र केहि मात्रामा स-साना तालहरु रहेको यस नगरपालिकामा ७.०७ प्रतिशत क्षेत्र नदि तथा तालहरुले ओगटेको छ | बि.सं. २०७४ को स्थानीय निकायको तथ्यांक अनुसार २९,४१५ कुल मतदाता रहेको यस नगरपालिकामा ७.०७ प्रतिशत क्षेत्र आवास क्षेत्रको रुपमा रहेको छ र अन्य क्षेत्र १.०७ प्रतिशत रहेको छ | दक्षिणी सीमानाको जमिनको उचाई समुद्री सहतबाट करिब १०० मिटर रहेको छ भने उत्तरी सीमा तर्फको जमिन भूभाग भने समुद्री सतहबाट १००० मिटरसम्मको उचाईमा अरहेको छ | यस नगरपालिकाको ढाल उत्तरबाट दक्षिण मिलेको छ जसले गर्दा यहाँ रहेका ४ वटै नदीहरु उत्तरबाट दक्षिण तर्फ बग्ने गरेका छन् |

# <u>कृष्णपुर नगरपालिकाको आ.व. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम</u>

*नगर सभामा पेश मिति:२०७५।०३।१०*

सभाध्यक्ष महोदय,

- स्थानीय तहको पहिलो निर्वाचन भएपछि हामीलाई विश्वासका साथ विजयी गराई जनताको सेवा गर्ने अवसर प्रदान गरेको आज एक वर्ष पुरा भएको छ । यस घडीमा कृष्णपुर नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हामी ज्यादै हर्षित भएका छौं ।

- लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने अग्रज नेताहरू, बेपत्ता नागरिक तथा उनीहरुका परिवारलाई, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई एवम् धन्यवाद व्यक्त गर्दछु ।

- राष्ट्रियता, मानवअधिकार, लोकतन्त्र, विधिको शासन, सामाजिक न्याय, समृद्धि र विकासका पक्षमा कृष्णपुर नगरपालिकाको नेतृत्व सधै सर्मपित रहने छ । सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण चरण र नयाँ शासन व्यवस्थाको अभ्यासको थालनी भए पश्चात अझै पनि हामी सिकाइकै क्रममा छौ । संविधानको व्यवस्थाले राज्यको पुर्नसंरचना गर्दै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सहितको अधिकार सम्पन्न स्थानीय तह (सरकार) गठन भएको छ । संविधानले अंगिकार गरेको र उल्लेख भएका विषयहरुमा हामी सबैले अनुशरण गरी कार्यान्वयनमा जोड दिनुपर्नेछ । स्वाभिमान र आर्थिक समृद्धिका लागि जनमुखी शासन व्यवस्था, लोककल्याणकारी राज्य प्रणाली, "**आफ्नो नगर आफै बनाऔं**" र सामाजिक सुरक्षा अवधारणा तथा विकास निर्माणमा जनताको सहभागीता एवं जन लेखापरीक्षण र पारदर्शिता लगायत लोककल्याणकारी राज्यले अपनाउनु पर्ने व्यवस्थाप्रति नगरपालिकासदैब प्रतिवद्ध रहने छ । तीन खम्बे अर्थ नीति (निजी क्षेत्र, सहकारी र सरकारी)को अवलम्बन गरी समाजवाद उन्मुख नगर निर्माण हाम्रो मुल लक्ष्य रहनेछ ।

उपस्थित सदस्यहरु

- प्रशस्त सम्भावना बोकेको यस नगरपालिकाको बृहत्तर विकासका लागि यस क्षेत्रमा क्रियाशिल राजनैतिक दल, समाजसेवि, बुद्धिजिवि, निजि क्षेत्र लगायत सम्पूर्ण नगरवासिहरुले आ–आफ्नो क्षेत्रवाट पहल गरी राजश्वका स्रोतहरुको पहिचान गरी नगरपालिकाको आन्तरिक आयको वृद्धिमा पहल गर्नु तथा आवश्यकताका आधारमा प्राप्त बजेटको सहि सदुपयोग गरी समविकासको भावनाले अगाडि बढ्नु आजको आवश्यकता देखिएको छ ।

- अव हामीले यस नगरपालिकालाई "**राष्ट्रिय स्वाभिमान, कल्याणकारी राज्य, सामाजिक सुरक्षा र समृद्धिःगाउँ सहरको विकास, जनताको सरोकार ! सडक, खानेपानी, शिक्षा, सञ्चार, स्वास्थ्य, सुरक्षा, कृषि, वन तथा पर्यटन सहितको आधुनिक कृष्णपुर नगर !!**" भन्ने मूलनारा र लक्ष्यका साथ अगाडी बढ्ने प्रतिबद्धता सहित कार्य थालनी गरेका थियौ । यसमा अझ थप सहकार्यको आवश्यकता महसुश गरिएको छ ।

सदस्य मित्रहरू,

**अब म यस नगरको लक्ष्य, नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

- संघीय सरकारले अवलम्बन गरेको समृद्ध नेपाल सुखी नेपाली भन्ने मूल नारा लाई यस नगरपालिकाले पनि अवलम्वन गरी सहयोग गर्ने छ ।
- विगतमा केन्द्रिकृत रहेको अधिकारलाई स्थानीय तह (नगरपालिका) र यसका वडा वडा र बस्ती बस्तीमा ल्याउन तथा नागरिकलाई सहज, सरल, सुविधाजनक एवम् पारदर्शी ढङ्गबाट सेवा प्रवाह गरी सो कुराको प्रत्याभूति गरेर जनमुखी लोकतन्त्रलाई सुदृढ गर्दै सुशासनयुक्त प्रशासन सञ्चालन गरिने छ ।
- समावेशी लोकतन्त्रद्वारा स्थानीय सरकारमा विभिन्न जातजाति, भाषा, लिङ्ग, धर्म, क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व गराउँदै राष्ट्रियताको प्रवर्धन गरिने छ ।
- आर्थिक समृद्धि र विकासका लागि "**आफ्नो नगर आफै बनाऔ**" भन्ने भावना लाई मूर्तरुप दिन निजी क्षेत्र, सहकारी र जनसहभागीता वृद्धि गरी स्थानीय स्रोत साधनको अधिकतम प्रयोग तथा पारदर्शिता र जनलेखा परीक्षण प्रणालीलाई प्रभावकारी वनाउन निरन्तरता दिइने छ ।

- दक्ष जनशक्ति उत्पादन, रोजगारी (व्यावसायिक एवम् प्राविधिक) र उद्यमशीलताको विकास, शहरी पूर्वाधार निर्माण र समाजमा व्याप्त विभेद, शोषण र उत्पीडनको अन्त्य गरी समृद्ध, समुन्नत नेपाली विशेषताको समाजवादको आधार तयार गरिने छ ।
- सुखी, खुसी, सभ्य र समृद्ध नागरिकहरूको नगर निर्माणको लागि दिर्घकालिन योजनाको निर्माण गरी यस नगरपालिकालाई १० वर्षभित्र राष्ट्रिय स्तरका मापदण्ड सहित सुविधा सम्पन्न शहरका रूपमा विकसित गरिनुका साथै सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकासको कामलाई व्यवस्थित रुपमा अगाडी बढाइनेछ ।
- साक्षरता, औसत आयु, प्रतिव्यक्ति वार्षिक आय आदिमा वृद्धि र मातृ मृत्युदर तथा बाल मृत्युदर घटाई उत्कृष्ट मानव विकास सुचकाङ्क भएको नगर निर्माणका लागि सबै खाले विभेद, जोखिम र असमानता मुक्त गरी सामाजिक सद्भावलाई कायम गर्दै समुन्नत नगरको रूपमा विकसित गरिनेछ ।
- रोजगारीका अवसरहरु सिर्जना गरी स्वरोजगारलाई अगाडी बढाउन आवश्यक सबै पुर्वाधार निर्माण गर्दै आत्मनिर्भर नगर बनाइनेछ ।
- यहाँका धार्मिक तथा पर्यटकीय स्थलहरु, तालतलैयाहरुको उचित व्यवस्थापन संरक्षण एवम् सम्बर्धन गरी धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकसित गरिनेछ ।
- कृषि पेशालाई आधुनिकिकरण र व्यवसायमुखी बनाउँदै उत्पादकत्व वृद्धि गरी आयमा वृद्धि गर्दै लगिनेछ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाका लागि थप कार्य गरिने छ ।

**नगर समृद्धिका विकासका तत्कालिन तथा दीर्घकालीन नीतिहरू**

- ५ वर्षे दीर्घकालीन गुरुयोजना एवम् आवधिक योजना निर्माणका लागि परामर्श दाता छनौट गरी कार्य अगाडी बढाइएको छ । उक्त योजनामा टेकेर कार्य गरिने छ ।
- सुगम यातायात व्यवस्था सहितको एकीकृत सामूहिक आवास व्यवस्था मार्फत सुकुम्वासी एवं अव्यवस्थित बस्तीहरूको व्यवस्थापनका लागि पहल गरिने छ ।
- नगरपालिकाको भवन निर्माणको लागि कार्य प्रारम्भ गरिएको छ ।
- यस नगरपालिकामा सुविधा सम्पन्न नगर अस्पताल स्थापनाका लागि पहल गरिनेछ ।
- सामूहीक आवास तथा दलित विपन्न सीमान्तीकृत परिवारलाई आवास गृहको निर्माण गरिने नीति लिइने छ ।
- नगरपालिका भित्र निर्माण गरिने सबै सरकारी तथा सामुदायिक भौतिक संरचनाहरु अपाङ्ग मैत्री बनाइने नीति लिइने छ ।
- पुर्वाधार निर्माणमा सबै सडक बाटोहरुलाई स्तरीय बनाई नगर बस सेवा सञ्चालनका लागि पहल गरिने नीति लिइने छ ।
- यस नगरमा समावेश भई शहरी विकास पूर्वाधार न्यून रहेका वडाहरूमा नगर स्तरीय विकासका लागि नमूना बस्ती विकास कार्यक्रम सञ्चालन गरी सवै वडाहरूलाई समानस्तरमा पुर्याउदै सबै नगरवासीहरूलाई समृद्ध नगरका गौरवशाली नागरिकको अनुभूति दिलाइने नीति लिइने छ ।
- नदी, खोला, ताल तथा जलाधार क्षेत्रको संरक्षण गरी सबैखाले प्रदूषण नियन्त्रण गरी पर्यावरण सन्तुलन कायम राखी क्लिन र ग्रिन सिटीको रूपमा नगरलाई विकास गरिनेछ ।
- ५० औँ बर्ष देखि भोगचलन गरिरहेका किसान (आम जनता) हरुको जग्गालाई यथाशीघ्र जग्गा नाप नक्सा गरी सम्बन्धित जग्गाधनीहरुलाई जग्गाधनी प्रमाण पूर्जा दिनका लागि कानून बमोजिम आवश्यक प्रक्रिया थालनी गरिने छ ।
- नगरमा जेष्ठ नागरिक मञ्च, सुविधा सम्पन्न शिशु स्याहार केन्द्र, एवम् एक वडा एक उद्यानको नीति लिइने छ ।
- भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- वैज्ञानिक आविष्कार, अनुसन्धान र प्राज्ञिक कार्यमा संलग्न व्यक्तित्व, युवा वैज्ञानिकहरू, अनुसन्धानकर्ता र प्राज्ञहरूका रचनात्मक कार्यहरूमा आवश्यक सहयोग पुर्याइनेछ एवम् सहयोगको पहल गरिनेछ ।
- कृष्णपुरको समग्र विकासमा टेवा पुर्याउने गरी स्वरोजगार बनाउन जनता र नगरपालिकाको स्वामित्व रहने गरी प्राविधिक शिक्षालयको स्थापना गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- जनप्रतिनिधी र राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजना निर्माण तथा कार्यान्वयनमा विकासका साझेदारका रुपमा रहेका निजी, सहकारी, गैर सरकारी तथा सामाजिक संघ संस्था, सामुदायिक संस्था र अन्तराष्ट्रिय गैसस, वैदेशिक लगानीकर्ता लगायतका निकायहरुको सहभागीता, साझेदारी र सहकार्यको नीति अवलम्बन गरिने छ ।
- समय सापेक्ष रोजगार मूलक वातावरण सृजना गरी युवाका लागि अनलाइन रोजगार सूचना केन्द्र व्यवस्थापन गरिनेछ ।
- यस नगरपालिकालाई हरित नगरपालिका निर्माण गर्न विभिन्न जातका विरुवा उत्पादन गरी नागरिकलाई निःशुल्क वितरण गर्ने नीति लिइने छ ।
- यस नगरपालिकामा रहेका राष्ट्रले घोषणा गरेका खेलहरुमा सामेल भई राष्ट्रिय र अन्तराष्ट्रिय पदक प्राप्त व्यक्तिहरुलाई नगरपालिकाले सम्मान गर्दै आवश्यक सहयोग गर्ने नीति लिइने छ ।
- जनआन्दोलनका घाइते र शहिद परिवारलाई सम्मान गर्दै नगरपालिकाबाट समेत थप सेवा सुविधा दिने नीति लिइने छ ।
- यस नगरपालिकामा स्थानीय भाषा संस्कृतिको पहिचानका लागि "**स्थानीय पाठ्यक्रम विकास योजना**" तयार गरिनेछ ।

- यस नगरपालिकामा बसोबास गर्ने राष्ट्रसेवक कर्मचारी, शिक्षक, वि.व्य.स., जन प्रतिनिधिहरु र राजनीतिक दलका अगुवा नेताहरुका छोराछोरीहरुलाई सरकारी विद्यालयमा पढाउने वातावरण निर्माणको लागि कार्यक्रम संचालन गरिने र विद्यालय भर्ना अभियानलाई थप प्रभावकारी बनाइने छ ।
- यस नगरपालिका भित्र रहेका नदी, खोलानालाहरुमा पर्ने प्रमुख सडकहरुमा पक्कि पुल तथा कल्भर्टका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- यस नगरपालिकाको सबै वडाहरुलाई छुनेगरी कम्तिमा पनि २ लेनको चक्रपथ बनाउने कार्यको थालनीका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न दातृ निकायसँग समन्वय गरी अनुरोध गरिनेछ ।
- आरक्ष पीडित, मुक्त कमैया, मुक्त हलिया, बाढी पीडित र सुकुम्बासीहरुको समस्या समाधान गर्न कानुन बमोजिम पहल गरी समस्या समाधान गरिने छ ।
- यसनगरपालिका भित्र रहेका मूख्य नदीहरु मोहना नदी, मछेली नदी, बण्ड नदी, बनारा नदी, विभिन्न खोला लगायतका ठूला साना खोलानालाहरु समेतलाई व्यवस्थित नदी नियन्त्रण गर्ने कार्यलाई अगाडि बढाइने छ ।
- युवाहरुलाई सिपमुलक आयमुलक तालिमहरुका साथै लोकसेवा तयारी कक्षा संचालन गरिनेछ ।
- नगरपालिका भित्र व्यवसायिक उद्यमशिलताको विकासको लागि आवश्यक पहल गरिनेछ ।
- यस नगरपालिकामा विद्युत क्षमता वृद्धि गरी विद्युत लाइन विस्तार गर्ने र विद्युत महसुल काउन्टर दैनिक रुपमा नियमित सञ्चालनगर्न सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।
- राना, थारु, डगौंरा, चौधरी समुदायहरुकोसंस्कृति संरक्षणमा विशेष कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरपालिका भित्र रहेका गरिब, जेहेन्दार, टुहुरा, असहाय बालबालिकाहरुको अध्ययनका लागि नजिकको विद्यालयमा निःशुल्क अध्ययन र शैक्षिक सामग्री उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- खेलकुद क्षेत्रमा बिशेष प्रतिभा र योगदान गर्नेहरुलाई नियमित रुपमा सहयोग गर्न पुरस्कार तथा प्रोत्साहनका लागि अक्षय कोषको स्थापना गरिनेछ ।
- आधुनिक कृषि व्यवसाय तथा उन्नत जातका पशुपालन व्यवसायका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । साथै उत्कृष्ट कृषकलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- एक वडा एक कालोपत्रे सडकको नीतिलाई प्रभावकारी रुपमा लागु गरिने छ ।
- महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि सीपमूलक, व्यवसायमूलक र रोजगारीमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै नेतृत्व विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- रानाथारु समुदायलाई नेपाल सरकारको आदिवासिको सूचीमा सूचिकृत गर्नका लागि कृष्णपुर नगरपालिकाद्वारा जोडदार माग गरिने छ ।
- मुक्त कमैयाहरुको जग्गाको मालपोत मिनाहाका लागि आवश्यक कानुन बनाई लागू गर्ने नीति लिइने छ ।
- मुक्त कमैयाहरुको जग्गा धनी प्रमाणपुर्जा धितो राखी ऋण लिने व्यवस्था मिलाउनका लागि नेपाल राष्ट्र बैंकलाई अनुरोध गरिनेछ ।
- नगर भित्रका सबै सडकहरुमा आफ्नै स्रोत साधनको प्रयोग गरी आवश्यकता अनुसार ग्राभेल गर्ने कामलाई आगामी आ.व. मा पनि निरन्तरता दिईनेछ ।

कृष्णपुर नगरपालिका

**यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ का नीति तथा कार्यक्रमहरू निम्नानुसार रहेका छन् ।**

**१.पूर्वाधार तथा यातायातः**

१.१ जनतालाई पायक पर्ने स्थानमा वडा कार्यालय स्थापना गर्नुका साथै प्रत्येक वडाका लागि अत्यावश्यक सेवा सञ्चालन गर्न मिल्ने पूर्वाधार युक्त कार्यालय भवन निर्माण गरी सेवा प्रदान गरिने छ । जसको सुरूवातका रुपमा वडा नं. १,४,६,७ र ९ का वडा कार्यालय निर्माणको कामका लागि प्रक्रिया शुरु भईसकेको छ । थप वडा नं. २ र ५ का लागि पनि रकम विनियोजन गरिनेछ ।

१.२ नगरबासीको आवागमन र पर्यटन प्रवर्धनलाई सहयोग पुग्ने गरी सम्वन्धित निकायसँग समन्वय गरी नगर बस सेवा सञ्चालनको लागि पहल गरिनेछ ।

१.३ सार्वजनिक बाटोघाटोहरु मिचिएको वा हराएको भए कानून अनुसार उक्त बाटोहरु खोलिने छ र बाटो सडक नपुगेका ठाँउहरुमा मापदण्ड अनुरुप नयाँ र्निमाण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१.४ वैकल्पीक उर्जा कार्यक्रम मार्फत सम्भाव्यता अध्ययन गरी नगरका मूख्य सडक र बजारहरुमा सौर्य बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१.५ नगर क्षेत्रभित्र ढल निकासको सम्भाव्यता अध्ययन भईसकेको र आगामी आ.व. मा काम सम्पन्न गरिनेछ ।

१.६ प्रत्येक वडा तथा टोलमा पर्ने खोला, नाला र खोल्सीहरुमा पुल पुलेसा र कल्भर्टहरु निर्माण गरी आवागमनलाई सहज बनाउने कार्यलाई निरन्तरता दिईने छ ।

१.७ भु-उपयोग नीति अनुसार आवासीय क्षेत्र, सर्पिग कमप्लेक्स, साना उद्योग तथा व्यवसायिक क्षेत्र, शैक्षिक तथा अन्य क्षेत्र छुट्याई नगरपालिका र सम्बन्धित सरोकारवाला निकायको सहकार्यमा व्यवस्थित गरिनेछ ।

१.९ घरवार बिहीन दलित तथा अन्य अति विपन्न समुदायका लागि जनता आवास कार्यक्रम मार्फत घर निर्माण गरी बसोबास उपलब्ध गराउने कार्यलाई निरन्तरताका लागि आवश्यक पहल गरिनेछ ।

१.१० नगरपालिका भित्र बिगतदेखि सञ्चालित क्रमागत योजनाहरूलाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ भने मर्मत संभार कोषलाई व्यवस्थित बनाउन आवश्यक कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

**२. तथ्याङ्क तथा अभिलेखिकरणः**

२.१ यस नगर भित्र रहेका सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ साथै मानव संशाधन, प्राकृतिक स्रोत साधन, धार्मिक, सास्कृतिक, पुरातात्विक सम्पदा आदिको अभिलेखीकरण र अद्यावधिक गरी व्यवस्थित गरिने छ ।

२.२ सामाजिक नक्साका आधारमा नगरको सम्पुर्ण सूचनाहरु अध्यावधिक हुने गरी नगरको विस्तृत प्रोफाईल तयार गरिने छ ।

२.३ विपन्न तथा न्यून आय भएका नागरिक, अपाङ्गता भएका व्यक्ति, बालश्रमिक, सडक बालबालिका, हिंसा पीडित महिला, अल्पसंख्यक जाति र द्वन्द्व पीडितहरुको अभिलेख तयार गरिनेछ ।

**३.सुशासन तथा जनमूखी प्रशासनः**

३.१ स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन नगरपालिका र प्रत्येक वडा कार्यालयहरूमा नागरिक बडापत्र, हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनवाइ, अनुगमन संयन्त्र र कार्यप्रणालीलाई पारदर्शी बनाईने छ ।

३.२ भ्रष्टाचारमुक्त जवाफदेही सुशासन अवलम्बन गरी नगरको समग्र स्रोत साधनको पहिचान र परिचालन मार्फत समुचित विकास गरिनेछ ।

३.३ नगरपालिकाबाट प्रदान हुने सेवा सुविधाहरुलाई पारदर्शी, गुणस्तरीय र जन अपेक्षा अनुरुप बनाउनका लागि नगरपालिका कार्यालयलाई कागज रहित कार्यको थालनी गरिनेछ ।

३.४ नगर प्रहरीको अवधारणा ल्याई राजश्व संकलन तथा सुरक्षा प्रबन्ध मिलाउनका लागि प्रभावकारी रुपमा परिचालन गरिने छ ।

**४. जनशक्ति व्यवस्थापनः**

४.१ नगर सेवाको प्रयोजनका लागि आवश्यक पर्ने कर्मचारीहरूको अन्तरिम सांगठनिक ढाँचा मन्त्रालयबाट प्राप्त भएको छ । सोही बमोजिम कर्मचारीको पदपुर्ति भए पछि नगरपालिकाले O & M survey गरी थप आवश्यक कर्मचारी पद पूर्ति गर्ने तर्फ प्रक्रिया अगाडी बढाइने छ ।

४.२ आवश्यकता अनुसार कर्मचारी तथा नगर प्रहरीको व्यवस्थापन गरिने छ ।

४.३ अवकाश कोषको व्यवस्थापन गरी कार्यरत कर्मचारीहरू मध्ये स्वेच्छिक अवकाश लिन चाहने व्यक्तिहरूलाई सेवा निवृत्त गर्ने व्यवस्था मिलाइने छ । कर्मचारी कल्याण कोषमा थप रकमको व्यवस्था गरिनेछ ।

**५. आधारभूत, माध्यामिक शिक्षाः**

५.१. नगरको आवश्यकता अनुसार थप सामुदायिक विद्यालय खोल्ने, मर्ज गर्ने, कक्षा वृद्धि गरी समुदायको हितमा प्रयोग गर्नुका साथै संस्थागत विद्यालयको दर्ता, नवीकरण र अनुगमन गरिने छ ।

५.२ नगरका सबै बालबालिकालाई आधारभूत तथा माध्यामिक तहसम्म अंग्रेजी माध्यममा निःशुल्क शिक्षा उपलव्ध गराई शिक्षित नगर बनाउनका लागि केहि नमूना विद्यालय सञ्चालन गर्ने नीति अबलम्वन गरिने छ ।

५.३ सामुदायिक विद्यालय लगायतका शैक्षिक संस्थाहरुमा प्राविधिक शिक्षा संचालनमा जोड दिईनेछ ।

५.४ सामुदायिक विद्यालयका लागि आवश्यक सूचना प्रविधि, सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, शौचालय आदिको प्रबन्ध विद्यार्थी संख्याको अनुपातमा गरिने व्यवस्था मिलाईने छ ।

५.५ नगर क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन गरिने छ ।

५.६ सामुदायिक तथा संस्थागत विद्यालयहरुले शिक्षा क्षेत्रमा पुर्याएको योगदानलाई सम्मान गर्दै ती विद्यालयहरुले दिइरहेको सेवालाई व्यवस्थित गर्दै त्यस्ता विद्यालयहरुले आधारभूत लक्षित वर्गलाई पुर्याउदै आएको सेवालाई प्रभावकारी एवं जनमुखी वनाउन सहकार्य गरिने छ ।

५.७ शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाइने छ ।

**६. आधारभूत स्वास्थ्य र पोषणः**

६.१ स्वास्थ्य सेवामा सबैको पहुँचकालागी नगरका प्रत्येक वडामा नगर स्वास्थ्य केन्द्रको स्थापनाको नीति लिई स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गरिनेछ । संघीय सरकारले ल्याएको एक स्थानीय तह एक अस्पतालको अवधारणालाई आवश्यक सहयोग गरिनेछ ।

६.२ महिला/बालबालिका, जेष्ठ नागरिक, एक महिला, अपाङ्गता, असहायको निःशुल्क रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदानकालागि पहल गरिने छ ।

६.३ बाल तथा मातृ मृत्युदर न्यूनीकरण र सुरक्षित मातृत्वका लागि सुनौला हजार दिन कार्यक्रमलाई प्रभावकारी बनाउन सहकार्य गरिने छ ।

६.४ स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्य स्वयम् सेवीकाहरुको वृत्तिविकासका लागी आवश्यक पहल गरिनेछ ।

६.५ यस नगरपालिकामा नवजात शिशु स्याहार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

६.६ किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

**७. कृषि, सिचाई र पशुपंक्षीः**

७.१ नगरको समग्र कृषि क्षेत्रको विकासको लागि विशिष्टीकरण तथा व्यवसायिकरण सहितको योजना बनाइनेछ । उच्च मूल्य पर्ने र निर्यात सम्भावना भएका बाली पहिचान गरी उत्पादनलाई प्रोत्साहन गरी निर्यातमा प्राथमिकीकरण गरिनेछ ।

७.२ किसानहरुलाई मलखाद, नयाँ प्रविधि, कृषि यन्त्र औजार, चिस्यान केन्द्र, बीउ बीजन, कृषि उत्पादनमा बीमा र किसान परिचय पत्रको व्यवस्थाका लागि आवश्यक पहल गरिने छ ।

७.३ आधुनिक व्यवसायिक खेती तथा पशुपंक्षीपालनमा एक वडा एक उत्पादन एक पहिचान हुने गरी माटो परीक्षण गरी पकेट क्षेत्र पहिचान गर्दै साझेदारी मार्फत नगरलाई केरा, तरकारी, मासु, दुध र अण्डा उत्पादनमा आत्मनिर्भर बनाइनेछ ।

७.४ यस नगरलाई केरा खेती र तरकारी खेतीको हबको रुपमा विकास गरिनेछ ।

७.५ खेतीयोग्य जमिनमा सिचाई(स्यालो ट्युबेल, लिफ्ट सिचाई, नहर)को व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

७.६ कृषि उत्पादनमा रासायनिक मल तथा हानिकारक किटनाशकहरुको प्रयोगलाई निरुत्साहित गर्दै विशेष क्षेत्रलाई प्राङ्गारिक क्षेत्र घोषणा गरी प्राङ्गारिक खेतीको विस्तार गरिने छ  साथै आधुनिक कृषि पद्धतिको माध्यमबाट कृषिक्षेत्रको विकास गरिने छ ।

७.७ नगरवासीका घरपालुवा पशुधनको तथ्याङ्क संकलन तथा बीमा प्रोत्साहन मार्फत छाडा चौपाया छोड्ने कार्यलाई निरुत्साहित गर्दै नगरक्षेत्रमा रहेका छाडा पशु चौपायालाई निजी, सार्वजनिक साझेदारीमा मार्फत उचित व्यवस्थापन गरिने छ ।

७.८ खाद्यान्न, नगदे बाली, तरकारी खेति, फलफुल खेति, पशुपालन लगायत कृषि व्यावसायिक केन्द्रका रुपमा पकेट क्षेत्र घोषणा गरी अघि बढाईनेछ ।

**८. खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापनः**

८.१ नगरबासीलाई शुद्ध पिउनेपानीको व्यवस्था मिलाउन खानेपानी योजनाका लागि पहल गरिनेछ । साथै खानेपानीको अति अभाव रहेको क्षेत्रहरुलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

८.२ पर्यटकीयस्थल, धार्मिक सांस्कृतिकस्थल, हाटबजार क्षेत्र, बसपार्क तथा मानिसको आवागमन बढी हुने स्थानहरुमा सुविधायुक्त सार्वजनिक शौचालय निर्माण गरिने छ ।

८.३ फोहरको उचित व्यवस्थापन गर्दै नगरपालिकालाई पर्यावरण मैत्री,हराभरा र स्वस्थ्य नगर (Green, Clean and Healthy City) का रुपमा निर्माण गरिने छ ।

**९. वन, भूसंरक्षण तथा जैवीक विविधताः**

९.१ सामुदायिक वनको पैदावारको उत्पादन, प्रशोधन र उपयोगको विषयमा अध्ययन गरी वनस्रोतमा आधारित व्यवसायमुलक (जडीबुटी खेती, गैरकाष्ठ वन पैदावार) उद्यममुलक वन बनाउन प्रोत्साहन गरिनेछ ।

९.२ पर्यापर्यटन, कृषि वनमा तथा वन पैदावारमा आधारित उद्योगहरुलाई चाहिने कच्चा पदार्थको सहज आपूर्तिका लागि कबुलियति वन, निजी वन र किसानका खेतमा वन पैदावर र जडीबुटी उद्योगलाई आवश्यक सहयोग पुर्याईने छ ।

९.३ चुरेलाई संरक्षित क्षेत्रको रुपमा विकास गर्न पहल गरिने छ, साथै चुरेक्षेत्रका सामुदायिक वनलाई आयुमुलक तथा आधुनिक वन व्यवस्थापनका माध्यमवाट चुरे संरक्षणमा सहयोग पुर्याउने नीति अवलम्बन गरिने छ ।

९.४ सामुदायिक वन र सबै खाले स्थानीय समुदायमा आधरित प्राकृतिक स्रोत व्यवस्थापनलाई स्वायत्त र स्वावलम्बी बनाई संरक्षण र वितरणलाई न्यायोचित बनाइने छ ।

९.५ प्राकृतिक स्रोत साधन, वनजंगल र नदीनालाको संरक्षण गर्दै नदी किनारमा ग्रिनबेल्ट निर्माणका माध्यमबाट आयमुलक, पर्यटनमुलक हुने गरी दिगो व्यवस्थापन गरिनेछ ।

**१०. वातावरण तथा विपद् व्यवस्थापनः**

१०.१ नगरक्षेत्र भित्रका मुख्य तथा शाखा सडक र सार्वजनिक स्थानहरूमा सामुदायिक, सामाजिक संघ संस्था तथा विकास साझेदारसँगको सहकार्यमा हरित नगरको निर्माण गरिनेछ ।

१०.२ जैविक विविधता संरक्षण मार्फत पानीको स्तर कायम राख्न र जलवायु अनुकुलनताका लागि नगर क्षेत्रका ताल तलैयाको संरक्षण र थप ताल निर्माण गर्न पहल गरिनेछ ।

१०.३ नगरपालिकामा विपद् व्यवस्थापन केन्द्र र विपद् व्यवस्थापन कोष स्थापनाका माध्यमबाट आवश्यक पूर्व तयारी गरी प्राकृतिक जोखिममा परेका नागरिकलाई सुरक्षित बनाईने छ ।

१०.४ विभिन्न नदी र खोलाहरुबाट उत्पन्न बाढी, पहिरो तथा सोबाट हुने घर/जमिन कटान रोक्न तत्काल प्रभावकारी कार्य सुरु गरिने छ ।

१०.५ नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्विकृत मापदण्ड बिपरीत कार्य गर्ने कार्यलाई निरूत्साहित गरी कानुनी दायरामा ल्याइनेछ । भवन संहिताको प्रभावकारी कार्यान्वियनका लागि निर्माण भईरहेका संरचनाहरुको अनुगमनको व्यवस्था मिलाईने छ ।

१०.६ "इको टुरिज्म" को विकास गरी गाउँ गाउँमा पर्यटक पुर्याउने र जैविक कृषि योजना अन्तर्गत नगरको विकास गरिने छ ।

१०.७ नगर क्षेत्र भित्रको फोहोर व्यवस्थापन गर्न जग्गा खोजी फोहोर व्यवस्थापन केन्द्र (Land fill site) व्यवस्थित रुपमा निर्माण गरिने छ ।

**११.जग्गा धनीपुर्जा तथा भू-उपयोग नीति:**

११.१ संविधानमा उल्लेख भए बमोजिम प्रदेश तथा संघीय सरकारवाट अधिकार प्रत्यायोजित भए अनुरुप उपयुक्त कार्यविधि मार्फत नाप नक्सा, भोगचलनका आधारमा सहुलियत राजश्व लिई जग्गाधनी प्रमाणपुर्जा अद्यावधिक गर्ने र वितरण कार्यको व्यवस्था मिलाइनेछ ।

११.२ नगर क्षेत्रमा रहेका सार्वजनिक जग्गा, भवन तथा प्राकृतिक सम्पदा आदि भएको स्थानमा विभिन्न व्यवसायी, व्यक्ति, संघ संस्थाहरुले शुल्क लिई, भवन बनाई भाडा आर्जन गर्ने गरेकाले त्यस्ता जग्गा एवं सम्पदाहरूको लगत लिई आवश्यक प्रक्रिया पुरागरी नगरपालिकाको स्वामित्वमा ल्याउने नीति अवलम्बन गरिने छ ।

**१२. संस्कृति तथा पर्यटन विकासः**

१२.१ नगर क्षेत्रमा रहेका पर्यटकीय स्थल एवम् क्षेत्रहरुमा निजी, सार्वजनीक साझेदारीमा सडक, अतिथि गृह, विश्राम स्थल, होम स्टे, पुरातत्व तथा कला संस्कृतिको जर्गेना, शौचालय, खानेपानी लगायतका पूर्वाधार, पर्यटन मार्ग निर्माण गरी पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ ।

१२.२ डोटेली, थारु, (चौधरी/राना) संस्कृतिको ऐतिहासिक महत्व झल्किने बहुसाँस्कृतिक संग्रहालयको स्थापनाका लागि अध्ययन गरी आवश्यक पहल गरिनेछ ।

१२.३ नगरको पहिचानका लागि नगर आगमनका मुख्य प्रवेश मार्गमा राष्ट्रियता र स्थानीय पहिचान झल्किने गरी नगर प्रवेशद्वार निर्माण गरिनेछ ।

१२.४ नगरबासीको चाहना अनुरुप निश्चित स्थानहरुमा व्यवस्थित शवदाह स्थल एवं अन्तिम संस्कार स्थल निर्माणको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थानमा निर्माण कार्य प्रारम्भ गरिने छ ।

१२.५ स्थानीय संस्कृति र पहिचानलाई संरक्षण, संवर्द्धन र जनताको आयआर्जनका लागि होम स्टे कार्यक्रम सञ्चालनको नीति अवलम्बन गरिनेछ ।

१२.६ प्रत्येक वार्डहरुमा सार्वजनिक सामुदायिक भवन निर्माणको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

१२.७ यस नगरपालिका भित्र रहेका ऐतिहासिक धार्मिक मठ/मन्दिर, धर्मशाला, गुम्बा, चर्च लगायत पुरातात्विक सम्पदाको संरक्षण, संवर्द्धन एवम् मर्मत सम्भार गरिनेछ ।

१२.८ अन्तर्राष्ट्रिय आदिवासी, जनजाती दिवसको दिन, राना थारु समुदायको साउन पहिलो हप्तामा पर्ने तिजको दिन, डगौंरा चौधरी समुदायको अटबारी पर्वका दिन सार्वजनिक बिदाका लागि नेपाल सरकारसँग पहल गरिनेछ ।

**१३. खेलकुद र युवा:**

१३.१ प्रत्येक वडामा एक खेल मैदानको व्यवस्था गरिने छ ।

१३.२ खेलकूदको विकासका लागि नगरभित्र विभिन्न खेल प्रतियोगिता सञ्चालन मार्फत प्रतिभावान खेलाडीहरुको छनौट गरी प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१३.३ यस नगरमासुविधा सम्पन्न खेल मैदान (रंगशाला) निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१३.४ समय सापेक्ष बजारको माग अनुसार एक युवा एक सीप कार्यक्रम योजना अन्तर्गत युवा समूहहरुसँग रोजगारी सृजना हुने उद्यम तथा व्यवसायमा साझेदारी नीति लिईने छ ।

**१४. स्थानीय बजार व्यवस्थापनः**

१४.१ अव्यवस्थित खोका छाप्रा, ठेला व्यापारी र व्यवसायीलाई एकीकृत व्यापारिक केन्द्रको व्यवस्थाद्वारा व्यापार व्यवसायको प्रवर्धन गर्न प्रोत्साहित गरिने छ ।

१४.२ स्वच्छ र ताजा फलफुल, तरकारी र माछा मासुको सुनिश्चतताका लागि छुट्टा छुट्टै संकलन केन्द्रको व्यवस्था गरिने छ ।

**१५. सहकारी एवं वित्तीय संस्थाहरूको व्यवस्थापनः**

१५.१ सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनुका साथै एक वडा एक सहकारीको नीति मार्फत **"समृद्धिको यात्रा, सहकारीहरूसँगको सहयात्रा"** को नारालाई सार्थक गर्न निरन्तरता दिइने छ ।

१५.२ दैनिक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र विक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरूमा सुपथ मूल्यका सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

१५.३ नागरिकहरूलाई उत्पादन कार्य र आयआर्जनमा सहभागी बनाउन परम्परागत ज्ञान तथा सिपमा आधारित स्थानीय कुटिर उद्योग, लघु उद्यमव्यवसाय सञ्चालन गर्न वित्तीय संस्थासँगको समन्वयमा सरल र बिना धितो ऋणको व्यवस्थाका लागि पहल गरिने छ ।

**१६. सूचना तथा सञ्चारः**

१६.१ नगरभित्र सञ्चालनमा आउने एफ.एम.रेडियो तथा टी.भी.को प्रसारण, सञ्चालन, दर्ता, नवीकरण आदि सम्बन्धी आवश्यक नीति बनाई व्यवस्थित गरिने छ ।

१६.२ सूचना संचारमा सबै नगरबासीको पहुँच पुर्याउन प्रभावकारी दूरसञ्चार सेवाको विस्तार गर्दै सबै विद्यालय, प्रशासनिक भवन, नगर/वडा सभा भवन, स्वास्थ्य केन्द्र, हुलाक कार्यालय र सुचना केन्द्रबाट सूचना प्रवाह हुने वातावरण बनाउन प्रत्येक वडामा टेलिफोन सेवा विस्तार गर्दै वडाहरुमा ईन्टरनेट सेवा विस्तार गर्न पहल गरिनेछ ।

१६.३ नगरका सेवा र सूचनाहरू अनलाइन मार्फत प्रवाहित गरी सेवा र सुचनामा सबैको पहुंच स्थापना गरिनेछ ।

१६.४ निजी, सार्वजनीक साझेदारीको अवधारणा अनुसार साझेदारीमा सामुदायिक एफ.एम तथा टेलिभिजन संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१६.५ नगरपालिका परिसर वाहिर कुनै ठाउँ तोकी त्यस क्षेत्रलाई free wifi zone बनाईने छ ।

१६.६ सामुदायिक विद्यालयहरुका लागि आवश्यक सूचना प्रविधि, सूरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय शैक्षिक सामग्री , प्रयोगशाला , खानेपानी, शौचालय सहयोगको कार्य लाई निरन्तरता दिने छ ।

१६.७ चालु आ.व. देखि नै सबै क्षेत्रमा विद्युतीय हाजिरी जडान गरिने छ ।

१६.८ कृष्णपुर नगरपालिकालाई सूचना प्रविधि मैत्री नगरपालिका वनाउन सम्भाव्यता अध्ययन गरिने छ ।

**१७. स्थानीय मेलमिलापः**

१७.१ स्थानीय स्तरमा रहेका विवादहरुलाई स्थानीय तहमै विवादित पक्षहरुकै सहभागितामा जीत जीतको वातावरण सृजना मार्फत विवाद समाधान गर्ने मेलमिलाप तथा मध्यस्थता सेवालाई प्रभावकारी बनाइनेछ । यो कार्यमा मेलमिलाप तथा विवाद रुपान्तरण क्षेत्रमा कार्यरत व्यक्ति, संघ संस्थाहरुलाई समेत सहभागीता गराईने नीति अवलम्बन गरिने छ ।

१७.२ मेलमिलाप सम्बन्धीका कार्यहरूको व्यवस्थापन र सञ्चालनका लागि नगर न्यायिक समिति मार्फत न्यायलाई प्रभावकारी र सर्वसुलभ बनाइने छ ।

१७.३ गरिब, असहाय तथा पिछडिएका समुदायका व्यक्तिहरूको न्यायमा सहज पहुँच पुर्याउन निःशुल्क कानुनी परामर्श तथा सहयोगको व्यवस्था र समाजमा अनावश्यक रुपमा मुद्दा मामिला गर्ने प्रवृत्तिलाई निरुत्साहित र मेलमिलापको प्रवृत्तिलाई प्रोत्साहन गरिने छ ।

**१८. सामाजिक सुरक्षा र लोककल्याणकारी अवधारणाः**

१८.१ जेष्ठ नागरिकहरुको ज्ञान,सिप रश्रमको सदुपयोग गरी नयाँ पुस्तामा हस्तान्तरण गर्न नगरमा जेष्ठ नागरिक ज्ञान, सिप तथा अनुभव आदान प्रदान केन्द्र स्थापनाका लागी पहल गरिने छ ।

१८.२ अपाङ्गताप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गरिने छ । शिक्षा, सीप विकास र रोजगारीबाट उनीहरू भित्रको विशेष क्षमतालाई उजागर गर्न अपाङ्गता विशेष कार्यक्रम संचालन गरिने छ ।

१८.३ नेपाल सरकारको निती बमोजिम सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणाली बमोजिम वितरण गरिनेछ ।

१८.४ आदिवासी जनजाती, महिला, दलित, अपाङ्ग र विपन्न वर्गका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

**१९. स्थानीय कर तथा स्रोत अभिवृद्धिः**

१९.१ नगर भित्र भएका स्रोको पहिचान गरी नगरबाट लिइने कर, राजस्व, शुल्क आदिलाई व्यवस्थित र नियमन गरिने छ । हाम्रो नगर, हाम्रै कर, समृद्ध नगर बनाउने हाम्रो रहर  भन्ने नारालाई साकार पार्न नियमित कर तिर्ने करदातालाई सम्मान गरिने छ ।

१९.२ प्रगतिशील कर प्रणालीका आधारमा करको दायरा विस्तार गरिनेछ र सीमान्तकृत एवं सुविधावाट वञ्चित समूहको भलाईका लागि प्रयोग गरिने छ ।

१९.३ घर जग्गा पास, नक्सा पास, कर/राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।

१९.४ नगरको सौन्दर्यतालाई ध्यान दिई नगरक्षेत्रका होडिङ्गबोर्ड लगायतका विज्ञापनलाई करको दायरामा ल्याउनका साथै आवश्यक व्यवस्थापनको नीति लिईने छ ।

१९.५ करदाता शिक्षा अभियानलाई तीव्रताका साथ लागू गरिनेछ ।

**२०. दीर्घकालीन तथा नगरपालिकाको गौरवका कार्यक्रमहरूः**

२०.१ सीमावर्ती नगरहरुसँगको कनेक्टीभिटी जोड्नका लागि आवश्यक अध्ययन गरी सडक निर्माण र भएका सडकहरुको स्तरोन्नती गरिनेछ ।

२०.२ बंक-नाइल सडक, मालुमेला-राजघाट कृषि सडक, वाणी-देखतभुली सडक, निर्माण र संचालनमा ल्याउन प्रादेशिक एवं संघीय सरकारसँग सहकार्य गरिनेछ ।

२०.३ आगामी १५ वर्षभित्र कृष्णपुरलाई शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि र वातवरण मैत्री नगरपालिकामा रूपान्तरण गरी देशकै उत्कृष्ट नगरका रुपमा स्थापित गरिने छ ।

२०.४ पुर्व पश्चिम राजमार्गमा बढ्दो चापलाई मध्यनजर गर्दै उक्त राजमार्गलाई चार लेनको बनाउन नेपाल सरकारसँग  विशेष पहल गरिनेछ ।

२०.५  नगरपालिकामा ५० शैयाको अस्पताल निर्माण गर्न संभाव्यता अध्ययन गरी नेपाल सरकार तथा प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

२०.६  कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकरण र विविधिकरणलाई प्रवद्र्धन तथा कृषकहरुलाई बजार पहुँच स्थापना गर्न शीतभण्डार, प्रांगारिक मल उत्पादन केन्द्र स्थापना गरिनेछ ।

२०.७ ग्वासी समैजी पर्यटकीय धाम, राधाकृष्ण धाम, थारु साँस्कृतिक संग्राहलय तथा अन्य धर्मसंकृतिको प्रवर्धन मार्फत यस नगरलाई धार्मीक पर्यटकीय गन्तव्यको नमूनाको रुपमा विकास गरिनेछ ।

२०.८ नगर उद्यान, नगर चिडियाखाना जस्ता भौतिक पूर्वाधारहरुको विकास गरी नगरपालिकालाई आकर्षक, रमणीय र सुरक्षित पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

***

## कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रम

*नगर सभामा पेश मिति:२०७५।०३।१०*

आदरणीय सदस्यज्यूहरु, म आर्थिक वर्ष ०७५/०७६ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

कंचनपुर जिल्लाको पूर्वी भागमा रहेको एवं कञ्चनपुर जिल्लाकै प्रवेशद्धारका रुपमा रहेको छुट्टै पहिचान बनाउन सफल भएको यो कृष्णपुर नगरपालिको आ.व. २०७५/०७६ को तेश्रो नगर सभाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई अत्यन्त खुसी एवं गर्व महसुस भएको छ । यस घडीमा सर्वप्रथम म राष्ट्रको लागि प्राणको आहुति गर्ने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान जारी भई कार्यान्वायनको चरणमा रहेको परिप्रेक्षमा उक्त संविधानको कार्यान्वयनसँगै स्थानीय सरकारमा महिला, दलित तथा अल्पसंख्यक लगायतको अर्थपूर्ण उपस्थिति देखिएको छ । यसले समावेशितालाई प्रवर्द्धन गर्दै समाजका हरेक वर्ग, क्षेत्र र समूदायको विकास र समृद्धिमा टेवा पुराउने कुरामा म विश्वस्त छु ।

विगत लामो समयदेखि जनताका इच्छा चाहाना र सपनाहरु स्थानीय निवार्चन मार्फत पुनः जागृत भएका छन् । जनप्रतिनिधिप्रति जनताका आशा र आकांक्षा धेरै छन् । जनताका अपेक्षाहरु धेरै छन् । स्रोत र साधन न्यून रहेको छ । उपलब्ध स्रोत र साधनबीच समूचित तालमेल मिलाई न्यून स्रोत साधनबाट अधिक समस्या समाधान गर्नु चुनौतीको रुपमा रहेको छ । तथापी चुनौतीलाई अवसरको रुपमा लिई मितव्ययिता अपनाई स्रोत साधनको सदुपयोग गर्न प्रतिबद्ध रहेको कुरा सम्मानीत सभालाई विश्वास दिलाउन चाहन्छु ।

गत नगर परिषदबाट पारीत भएका योजना तथा कार्यक्रमहरु लाई कार्यान्वियन गर्न निरन्तरता दिएका छौ । गत वर्ष योजना तर्जुमा प्रक्रियामा सहयोग गर्नुहुने सम्पुर्ण राजनीतिक दल, कर्मचारी मित्रहरु, उपभोक्ता समिति लगायत सबै लाई म धन्यवाद दिन चाहन्छु । सहभागितामुलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी नगरपालिकाको आय, व्यय, योजना, नीति तथा कार्यक्रम एवं बजेट अषाढ १० गते भित्र सभा समक्ष पेश गरी सक्नु पर्ने भन्ने प्रावधान बमोजिम यस बर्ष हामीले अषाढ १० गते वजेट, योजना नीति तथा कार्यक्रम पेश गरेका छौं । विभिन्न ऐन, कार्यविधि र नियमावलीहरु स्वीकृत भएका छन् । यस कृष्णपुर नगरपालिकाले आगामी वर्ष लिएका नीति तथा कार्यक्रमको सम्बन्धमा कार्यपालिका सदस्य श्री विमला कुमारी थापा ज्यूले प्रस्तुत गरिसक्नु भएको छ ।

चालु आ.व. २०७४/०७५ को मिति २०७५ जेष्ठ मसान्त सम्मको यथार्थ आय व्ययको अनुमोदन, आगामी आ.व. २०७५/०७६ को बजेट तथा कार्यक्रमको अनुमानित बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्न सभामा पेश गरेको छु ।

- प्राप्त अवसरको सदुपयोग र चुनौतिहरुको सामना गर्दै कृष्णपुर नगरपालिका क्षेत्रको भोली र भविष्यको विकासको खाकाको रुपमा प्रस्तुत आर्थिक वर्ष २०७५/७६ को बजेटका उद्देश्यहरु यस प्रकार प्रस्तुत गरेको छु ।
- संघीय सरकारले अवलम्वन गरेको समृद्ध नेपाल सुखी नेपाली भन्ने मूल नारालाई साकार पार्ने,
- रोजगारीका अवसरहरु सिर्जना गरी स्वरोजगारलाई अगाडी बढाउन आवश्यक सबै पुर्वाधार निर्माण गर्दै आत्मनिर्भर नगर बनाउने ।
- आर्थिक क्षेत्रमा लगानी मार्फत जनताको आय आर्जनमा सुधार गर्ने,
- सामाजिक विकासको माध्यमबाट समग्र विकासको आधार तयार गर्ने,
- वडा कार्यालयलाई सेवा प्रवाहको केन्द्रको रुपमा विकसित गर्ने,
- दिगो विकासको अवधारणा अनुरुप विकास पूर्वाधारको निर्माण गर्ने,
- स्थानीय जनतामा परिवर्तनको अनुभूति गराउने,

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेको छु :

- सडक एवं पुर्वाधार सम्बन्धी आयोजना समयमा गुणस्तरीय ढंगले सम्पन्न गर्न जोड
- कृषि, पशु तथा सहकारीका माध्यमद्वारा उत्पादनमा वृद्धि र आय आर्जनका कार्यक्रममा जोड,
- शिक्षा, स्वास्थ्य खानेपानी, सरसफाइ लगायतका क्षेत्रको विकासमा जोड,

कृष्णपुर नगरपालिका

- वडा कार्यालय मर्मत, सुधार तथा व्यवस्थापन सहित सेवा प्रवाहमा नियमितता
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ,
- बालमैत्री र बातावरणमैत्री स्थानीय शासन प्रवर्धन,

अब म कृष्णपुर नगरपालिकाको यिनै उद्देश्य तथा प्राथमिकतामा आधारित रही तयार गरिएको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

स्थानीय सरकारको अवधारणा, विकेन्द्रिकरणको मूल मर्म एवं संघीयतालाई आत्मसाथ गर्दै यो बजेट तथा कार्यक्रम निमार्ण गरिएको छ । बजेटको सीमितता एवं आवश्यकताको असीमितता लाई विचार गरी प्राथमिकता प्रँप्त योजनाहरु मा बजेट विनियोजन गरिएको छ । नगरपालिका भित्र थुप्रै समस्या र चुनौति हरु छन । नदि कटान, पटान, डुवान, जंगली जनावरको आतंक, ढल निकास आदि समस्याहरु हामी सामु छन् । नगरपालिकाको गुरुयोजना बनाई कार्य गर्नु जरुरी भएकोले सोको कार्य प्रारम्भ गरिएकोछ । यसको लागि मन्त्रालय एवं सरोकारवालासँग सहकार्य गरी अघि बढ्नु आवश्यक छ ।

कृषि, सिंचाई, स्वास्थ्य, शिक्षा, सडक, खानेपानी लगायत अन्य क्षेत्रमा अपेक्षा गरे अनुसार रकम विनियोजन गर्न सकिएको छैन, क्रमागत योजनाहरु लाई प्राथमिकता दिई निरन्तरता दिईएको छ । तुलनात्मक रुपमा आन्तरिक आय उठ्न नसक्दा नगरपालिकाको आय न्युन छ । नगरवासीका माग र स्रोत साधन को क्षमता बीच सन्तुलन कायम गर्न कठिन भएको छ । वडा समिति वाट प्राथमिकता भई आएका योजनाहरु लाई नगरपालिकाको क्षमताहेरी समेट्ने प्रयास गरेका छौं ।

सबै करदातालाई करको दायरामा ल्याउन जरुरी छ । हामीले तिरेको कर हाम्रै नगरको विकासका लागि नै हो भन्ने भावनाको विकास हुनु जरुरी छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ बमोजिम आ.व. २०७५/०७६ को श्रावण १ गते देखि एकिकृत सम्पत्ति कर लागाउने भन्ने कानुनी प्रावधान भएकोले उक्त कर तोकिएकै मिति देखि लागू गरिने छ ।

सभाध्यक्ष महोदय,

नेपाल सरकार अर्थ मन्त्रालय बाट यस नगरपालिकाको लागि वित्तीय समानीकरणमा रु. १५,२८,००,०००।– र राजस्व बाँडफाड रु ११,१९,६५,०००।– बजेट प्राप्त भएको छ । त्यसै गरी प्रदेश सरकारवाट वित्तीय समानीकरणमा रु. ७७,८८,०००।– र राजस्व बाँडफाँट रु ३८,७४,०००।– प्राप्त भएको छ । उक्त रकमलाई बाँडफाँट गरी अनुसूचीमा उल्लेख गरेका छौं । प्रदेश सरकारको समपुरक कोषमा रु १ अर्व विनियोजन भएको र विषेश अनुदानमा ५० करोड विनियोजन भएको व्यहोरा थाहा हुन आएको । सो शिर्षकहरु वाट हाल लाई नगरपालिकाले सिलिंग प्राप्त नभएको हुदा बाँडफाँट गरेको छैन । हामीले सडक कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता राखि बजेट बाँडफाँट गरेका छौ । पूर्वाधार विकासले मात्र विकासको वृहत अवधारणालाई समेट्न सक्दैन । पूर्वाधार विकास सँगै आर्थिक विकास, सामाजिक विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत सुधार, सुशासन जस्ता विविध क्षेत्रको सन्तुलित विकासले नै समग्र विकासलाई समेट्दछ । तसर्थ यी क्षेत्रको विकासको लागि आवश्यक सम्भाव्यता अध्ययनका लागि समेत बजेटको व्यवस्था गरीएको छ । नयाँ घर बनाउदा अनिवार्य रुपमा घर नक्सा पास गरी घर निर्माण गर्नु पर्ने व्यवस्था लाई कडाईका साथ लागू गरिने छ । सडक सौर्य बत्तिको लागि स्थानीय टोल विकास संस्था, उपभोक्ता समिति, सामुदायीक संस्था आदिले माग गरेमा सोका लागि वडाहरुबाट रकमको पनि व्यवस्था गरिएको छ । नगर स्वास्थ्य केन्द्रहरुका लागि रकम छुट्याईएको छ । शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद विपद व्यवस्थापन, कोल्ड स्टोर, छाडा चौपाया व्यवस्थापन, विपत व्यवस्थापन, युवा तथा खेलकुद, सर्पदंश, मर्मत संभारका लागि पनि रकम बाँडफाँट गरिएको छ । एक वडा एक कालो पत्रे योजना एवं एक वडा एक उद्यानको लागि रकम विनियोजन गरिएको छ । चालु आ.व. मा शुरु गरिएका कालो पत्रे बाटोहरुलाई निरन्तरता दिइएको छ । क्रमागत रुपमा रहेका वडा कार्यालयहरुको भवन र कार्यालयको भवनका लागि रकम विनियोजन गरिएको छ । विषयगत शाखाहरुको लागि रकम विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

अव म आ.व. २०७४/०७५ को आय व्ययमा प्रकाश पार्न चाहन्छु । आ.व. २०७४/०७५ को जेष्ठ मसान्त सम्ममा यस कृष्णपुर नगरपालिकाको आफ्नो आय रु.३८,०७,१६९.२९।– र खर्च रु.५७,९८,०००।– ( गत विगतको अ.ल्या. समेतको गणना गरिएको )  भएको छ ।

अब म आ.ब. २०७५/०७६ ला लागि श्रोतको अनुमान तथा त्यसला माध्यम एवं विनियोजित बजेटका बारेमा चर्चा गर्न चाहन्छु । आ.ब. २०७५/०७६ का लागी विनियोजित कुल बजेट रु. ५८,८०,५९,९९१।- प्रस्ताव गर्न चाहन्छु । उक्त कुल बजेट मध्येबाट संघीय सरकारको वित्तीय समानीकरणबाट रु. १५,२८,००,०००।- , संघीय सरकारको राजस्व बाडफाँटबाट रु. ११,१९,६५,०००।- , प्रदेश सरकारको वित्तीय समानीकरण बाट रु. ७७,८८,०००।- तथा राजश्व बाडफाँटबाट रु. ३८,७४,०००।- , प्रदेश सरकारको समपुरक कोष बाट अनुमानित रु. १,१३,६३,०००।- , प्रदेश सरकारको प्राकृतिक श्रोतको बाडफाँटबाट अनुमानित रु. १,००,००,०००।- , अघिल्लो आर्थिक वर्षबाट अ.ल्या. रु. ४,६४,८४,९९१।-  , आन्तरिक श्रोतबाट अनुमानित रु. ८०,०४,०००।- , संघीय सरकारको सशर्त अनुदानबाट रु. १४,५९,००,०००।- , सामाजिक सुरक्षा तर्फ सशर्त अनुदानमा रु. ८,२६,००,०००।- , गरिबसँग विशेश्वरबाट सशर्त अनुदानमा रु. ५,००,०००।- , एल.जी.सि.डी.पी. बाट सशर्त अनुदानमा रु. ११,००,०००।- र प्रदेश सरकाराको विशेष अनुदानमा अनुमानित रु. ५६,८१,०००।- प्राप्त हुने अनुमान गरिएको छ ।

अन्तमा, यस नगरपालिकाको बजेट तथा कार्यक्रम निर्माण गर्नमा सहयोग गर्नुहुने समितिका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, विषयगत समितिका पदाधिकारी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस नगरपालिकाले थालनी गरेको विकास निमार्ण का कार्यहरुमा नगरवासी सबैको सकारात्मक सहयोग हुनेछ भन्ने अपेक्षा गर्दै सभाध्यक्ष ज्यूको अनुमतिले आ.व. २०७५/०७६ को यो वजेट तथा कार्यक्रम स्वीकृतीका लागि टेबुल गर्न अनुरोध गर्दछु ।

धन्यवाद !

***

कृष्णपुर नगरपालिका

# कृष्णपुर नगरपालिकाको विनियोजन ऐन, २०७५

**कृष्णपुर नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावना: कृष्णपुर नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कृष्णपुर नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "कृष्णपुर नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त रु। ५८,८०,५९,९९१|-( (अक्षरेपी अन्ठाउन्न करोड असी लाख उन्साठी हजार नौसय एकानब्बे ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त कृष्णपुर नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।
| १०३ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | एच एम आई एस को तालिम(५०) र अभिलेख तथा प्रतिवेदन फाराम छपाई(५०) | रु. 100,000 |
| १०४ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्रहरूको सेवा सुदृढीकरण क्रियाकलाप | रु. 100,000 |
| १०५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | महामारी तथा प्रकोपजन्य रोगहरुको अबस्थामा RRT/ CRRT परिचालन गर्ने, चौमाशिक रिभ्यु तथा अभिमुखीकरण गर्ने | रु. 44,000 |
| १०६ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | स्वास्थ्य चौकी स्तरमा औजार उपकरण, फर्निचर साथै स्वास्थ्य संस्था मर्मत सुधार (पुंजीगत) | रु. 120,000 |
| १०७ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | स्थानीय तहका स्वास्थ्य यूनिटमा डी.एच.आई.एस २ सिष्टम सेटअपका लागि कम्प्यूटर खरिद (पुंजीगत) | रु. 100,000 |
| १०८ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | औषधि, भ्याक्सिन, साधन, सामाग्री रिप्याकिङ. तथा ढुवानी र पूनः वितरण समेत | रु. 70,000 |
| १०९ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | निःशुल्क स्वास्थ्य सेवाको लागि औषधि खरिद | रु. 750,000 |
| ११० | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | सामाजिक परीक्षण कार्यक्रम (पुरानो र नयां थप हुने स्वास्थ्य संस्था) | रु. 100,000 |
| १११ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | औलो नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन, औलो माहामारी हुने औलो ग्रसीत क्षेत्रको छनौट गरी बिषादि छर्कने (रेस्पोन्सीभ स्प्रेइङ समेत),विश्व औलो नियन्त्रण दिवस मनाउने तथा औलो नियन्त्रणका लागि बहुनिकाय अन्तरक्रिया | रु. 150,000 |
| ११२ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | स्थापना भएका र थप हुने सामुदायिक स्वास्थ्य इकाइ संचालन अनुदान | रु. 1,600,000 |
| ११३ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | डेंगु नियन्त्रण गर्न नगरपालिकाहरु समेतमा लामखुट्टेको वास स्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान संचालन गर्ने तथा ओरिएन्टेसन गर्ने | रु. 50,000 |
| ११४ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | नियमित रूपमा खानेपानी गुणस्तर निगरानि गर्ने | रु. 50,000 |
| ११५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | अस्पतालहरुमा पाठेघरको मुखको क्यान्सरको जाँचको लागि VIA Set , तथा सिल्कन रिङ प्रेशरी खरिद | रु. 22,000 |
| ११६ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | परिवार स्वास्थ्य कार्यक्रमको लागि पार्टोग्राफ, DMT, MEC Wheel, Flow Chart Job Aid सहित फर्म फरमेट छपाइ | रु. 5,000 |

| | | | | |
|---|---|---|---|---|
| ११७ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | पालीकावाट अनुगमन मुल्यांकन (प्रजनन् स्वास्थ्य कार्यक्रमहरुको Facility हरु सम्म) | रु. 30,000 |
| ११८ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | अस्पताल तथा Birthing Centre मा २४ घण्टा प्रसुती सेवा संचालन गर्न करारमा अ०न०मी० नियुक्ति | रु. 532,000 |
| ११९ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | अब्स्टेटिक फिस्टुला र पाठेघर खस्ने रोगीको स्क्रिनिंग, रिंगपेशरी तथा VIA जाँच | रु. 35,000 |
| १२० | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोधभर्ना, यातायात खर्च, गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा (4th ANC), निशुल्क गर्भपतन, जिल्ला अस्पताल र सो भन्दा तलका सरकारी स्वास्थ्य सस्थाहरुमा प्रसूति हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला (लुगा सेट) | रु. 1,400,000 |
| १२१ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | आइ.यु. सि डी. तथा इम्प्लान्ट सेवा प्रदान | रु. 31,000 |
| १२२ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | परिवार नियोजन, सुरक्षित मातृत्व, FCHV सेवा दिवस मनाउने | रु. 30,000 |
| १२३ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | वन्ध्याकरण घुम्ती शिविर अगावै म०स्वा०से०सँग छलफल | रु. 35,000 |
| १२४ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | गाउघर क्लिनिक सचालन यातायात खर्च | रु. 40,000 |
| १२५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | म स्वा स्व से हरुलाइ पोशाक भत्ता | रु. 773,000 |
| १२६ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | म स्वा स्व से अर्धवार्षिक समीक्षा बैठक (जना) | रु. 304,000 |
| १२७ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | म स्वा स्व से हरुलाइ दीर्घकालीन सेवाका लागि सम्मानजनक बिदाइ (जना) | रु. 100,000 |
| १२८ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | दक्ष प्रसूति कर्मीहरुलाई अनसाईट कोचिङको लागी क्षमता अभिवृद्धी | रु. 40,000 |
| १२९ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | लामो अवधिको जन्मान्तरको लागि सेटलाइट सेवा | रु. 33,000 |
| १३० | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | किशोर किशोरी कार्यक्रम अन्तरगत महिनावारी स्वास्थ्य व्यवस्थापनको लागी स्कूलमा स्यानेटरी प्याड वितरण" | रु. 25,000 |
| १३१ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | गाभी | रोटा खोप शुरुवात गर्न स्वास्थ्य संस्था स्तरमा स्वास्थ्यकर्मीहरुको अभिमूखिकरण एक दिने (७७ जिल्ला) | रु. 15,000 |
| १३२ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | यु एस एड | एकिकृत पोषण सम्बन्धि अन्तरबैयत्तिक संचार सम्बन्धि संचार तालिम (स्वास्थ्य संस्था इन्चार्ज, स्थानीय निकायका स्वास्थ्य संयोजक र महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई) (सुआहरा २ कार्यक्रम लागु भएका १३ जिल्लाका १६१ स्थानीय निकाय) | रु. 220,000 |
| १३३ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | यु एस एड | विद्यालय स्वास्थ्य तथा पोषण र किशोरीहरूलाइ आइरन चक्की वितरण कार्यक्रम सम्बन्धी १ दिने समिक्षा (स्वास्थ्य संस्था इन्चार्ज, शिक्षक, शिक्षा र स्वास्थ्य संयोजक) (सुआहरा २ कार्यक्रम लागु भएका १२ जिल्लाका ११४ स्थानीय निकाय) | रु. 20,000 |
| १३४ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | यु एस एड | १००० दिन अवधिका जीवनका महत्वपूर्ण अवसर मनाउने, नयाँ गर्भवतीहरुलाई स्वास्थ्य आमा समूहमा आवद्ध गराउने तथा स्वास्थ्य तथा पोषण व्यवहार परिबर्तन संचार गर्ने (सुआहरा २ कार्यक्रम लागु भयका ४० जिल्लाका ३८९ स्थानीय निकाय) | रु. 35,000 |
| १३५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | यु एस एड | हात्तीपाईले रोग बिरूध्दको आम औषधी सेवन (MDA)कार्यक्रम सञ्चालन | रु. 579,000 |
| १३६ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | दाताको संयुक्त कोष | पूर्ण खोप गा.पा., न.पा. सुनिश्चितता र दीगोपना सुक्ष्म योजना अध्यावधिकको लागि न.पा , गा.पा खोप समन्वय समिति, स्वास्थ्य संस्था प्रमुख सहित न.पा. र गा.पा. | रु. 40,000 |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रमुख तथा वडा प्रमुखहरु र सरोकारवालाहरुको १ दिने गोष्ठी (७७ जिल्लाका सबै स्थानीय तह) | |
| १३७ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | दाताको संयुक्त कोष | खोपको पहुँच बढाई छुट बच्चालाई खोप दिलाई पूर्णखोप सुनिश्चित गर्न वैशाख महिनालाइ खोप महिना संचालन गर्ने | रु. 30,000 |
| १३८ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | दाताको संयुक्त कोष | पूर्ण खोपको दीगोपनाको लागि साझेदार र स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका सदस्य र वडा खोप समन्वय समितिहरुसँग अन्तरक्रिया, स्थानीय योजना निर्माण (७७ जिल्ला, सबै स्वास्थ्य संस्था) | रु. 40,000 |
| १३९ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | दाताको संयुक्त कोष | पहुँच नपुगेका र ड्रप आउट (छुट) वच्चाको खोजी तथा पूर्ण खोप दिलाउन महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई अभिमूखिकरण र योजना निर्माण ( ७७ जिल्लाका सबै स्वास्थ्य संस्था ) | रु. 75,000 |
| १४० | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | दाताको संयुक्त कोष | बाह्य खोप केन्द्रको भवन निर्माण ७५० वटा (७७ जिल्ला) | रु. 300,000 |
| १४१ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | दाताको संयुक्त कोष | पालिकास्तरमा खोप ऐन, नियमावली, ए.ई.एफ.आई. को जानकारी खोप कार्यक्रमको समिक्षा, सूक्ष्म योजना अध्यावधिक कार्यक्रम २ दिने ७५३ तह (स्वास्थ्य संस्था प्रमुख, खोप कार्यकर्ता समेत ) | रु. 35,000 |
| १४२ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | दाताको संयुक्त कोष | पूर्ण खोप न.पा., गा.पा. भेरिफिकेसन, अनुगमन तथा घोषणा सभा व्यवस्थापन | रु. 25,000 |
| १४३ | क्षयरोग नियन्त्रण | नेपाल सरकार | उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औसधि, ल्याब सामाग्री ढुवानी, फर्म फरमेट फोटोकपी,ममर्त सम्भार, ल्याव तथा आवश्यक सामाग्री खरिद र ई-टि.बि रजिस्टर अध्यावधिक | रु. 22,000 |
| १४४ | क्षयरोग नियन्त्रण | नेपाल सरकार | स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहूच कम भएको जनसंख्यामा माइक्रोस्कोपिक क्याम्प सञ्चालन | रु. 32,000 |
| १४५ | क्षयरोग नियन्त्रण | नेपाल सरकार | कारागार, गुम्बा, स्कुल, बृधाश्रम,उद्योग भएको क्षेत्र, शहरी घनाबस्ती, लगायत अन्य क्षयरोगका जोखिमयुक्त जनसंख्यामा माइक्रोस्कोपिक क्याम्प सञ्चालन | रु. 16,000 |
| १४६ | क्षयरोग नियन्त्रण | नेपाल सरकार | उपचार केन्द्रहरुमा गई अनुगमन तथा मुल्यांकन गरि कार्यक्रमको गुणस्तरीयता सुनिस्चित गर्ने | रु. 6,000 |
| १४७ | क्षयरोग नियन्त्रण | नेपाल सरकार | लुकेर बसेका क्षयरोगका बिरामी उपचार दायरामा ल्याउन शिक्षक, समाजसेवी म.स्वा.स्व.से परीचालन | रु. 39,000 |
| १४८ | क्षयरोग नियन्त्रण | नेपाल सरकार | उपचाररत क्षयरोगका बिरामीको उपचारको कोहर्ट नतिजा, कार्यक्रमको प्रगति एवं चुनौती र क्षयरोग कार्यक्रममा भएका नया बिषयमा उपचार केन्द्रका स्वास्थ्य कर्मीहरुलाई अध्यावधिक गर्ने उपचार केन्द्र स्तर कोहर्ट विश्लेषण कार्यक्रम | रु. 21,000 |
| १४९ | क्षयरोग नियन्त्रण | नेपाल सरकार | पुनःउपचार क्याटेगोरीमा भएका सबै पी.बि.सी. बिरामीहरुलाई उपचार अवधिभर पोषण भत्ता | रु. 40,000 |

# तेश्रो नगर सभाका नितिगत निर्णयहरु

निर्णय नं. १ नगर सभामा प्रस्तुत गरिएको कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति, कार्यक्रम तथा बजेट २०७५ माथि छलफल भई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२ नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा २ अनुसार कृष्णपुर नगरपालिकालाई आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नगर सभामा प्रस्तुत गरिएको "कृष्णपुर नगरपालिकाको विनियोजन विधेयक, २०७५" मा दफावार छलफल भई सर्वसम्मतिले अनुमोदन गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं.३ नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा २ अनुसार कृष्णपुर नगरपालिकालाई आर्थिक वर्ष २०७५÷०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्नका लागि स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्थापन गर्न नगर उप प्रमुखज्यूबाट प्रस्तुत गरिएको "कृष्णपुर नगरपालिकाको आर्थिक विधेयक, २०७५" लाई सर्वसम्मतिले अनुमोदन गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं.४ यस नगरपालिकालाई जिल्ला समन्वय समिति, प्रदेश तथा संघीय सरकार लगायतका दातृ निकायबाट प्राप्त हुने रकम बाँडफाँड गरी कार्यान्वियन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ५ नगरपालिकाले कार्य सम्पादन गर्ने क्रममा बाधा अड्काउ पर्न आएमा बाधा अड्काउ फुकाउ गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ६ कृष्णपुर नगरपालिका अन्तगत सामाजिक सुरक्षा शाखावाट तयार पारिएको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहिहरुको नामावली र सख्या अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ वडा कार्यालय तथा विभिन्न संघ संस्थाहरुवाट माग भई आएका आयोजना÷कार्यक्रमहरु संचालन गर्नका लागि संघ र प्रदेश सरकारका मन्त्रालय, विभाग तथा सम्वन्धित निकायमा वजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ मालुमेला–राजघाट कृषि सडकलाई स्तरोन्नती गर्न प्रदेश तथा संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ नगर क्षेत्रमा " जैविक मल उत्पादन तथा संकलन केन्द्र" निर्माणका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १० नगर क्षेत्रमा सामुदायिक घरेलु उद्योग सीप विकास तथा प्रशिक्षण केन्द्र स्थापनाका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ नगर क्षेत्रमा एक नगरस्तरीय आयुर्वेदिक उपचार केन्द्र तथा योग हल निर्माणका लागि प्रदेश सरकार संग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ नगरपालिका एक बहुसास्कृतिक, बहुभाषिक, बहुधार्मिक, क्षेत्र भएको सो कार्यको जगेर्ना गर्न आवश्यक भएकोले नगर क्षेत्रमा एक नगर स्तरीय बहुसाँस्कतिक संग्राहालय तथा पुस्तकालय स्थापनाका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ वडा नं.४ मा रहेको ग्वासी समैजी मन्दिर धार्मिक र पर्यटकीय हिसाबले आस्थाको केन्द्र भएकोले संरक्षण तथा पदमार्ग निर्माणका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ यस नगर क्षेत्र भित्र रहेका बनहरा नदि, बण्ड नदि, मछेली नदि, मोहना नदिहरुले विभिन्न क्षेत्रहरुमा कटान तथा बाढी लाग्ने भएकाले बस्ति क्षेत्रहरुमा गुरुयोजना निर्माण ग िितटबन्धनका लागि प्रदेश र संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ नगर क्षेत्रमा विगत लामो समय देखि नगरबासीहरुको भोग चलनमा रहेको जग्गाको जग्गाधनि प्रमाण पुर्जा वितरणका लागि प्रदेश सरकार संग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ नगर क्षेत्रमा थारु होमस्टे तथा नगरस्तरीय थारु संग्राहालयको स्थापनाका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ नगर क्षेत्र भित्र चक्रपथ निमार्णका लागि प्रदेश सरकारसंग मागगर्ने निर्णय गरियो ।

निर्णय नं. १८ नगर क्षेत्रमा रहेका कृष्ण प्रणामी सेवा धाम, ग्वासी समैजी मन्दिर, वनदेवी मन्दिर, शिव मन्दिर, सिद्धनाथ बैजनाथ मन्दिर लगायत थुप्रै धार्मिक मठमन्दिरहरु, निगलाड ताल, गडबिजुला ताल र सिस्ने सिमसार क्षेत्र धार्मिक र पर्यटकिय हिसाबले आस्थाको केन्द्र भएकोले संरक्षण र सम्बद्र्धनका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ नगर क्षेत्रमा नगरस्तरीय सामुदायिक भवन निर्माणका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २० नगर क्षेत्रभित्र रहेका सुकुम्बासी, आरक्ष पिडीत तथा बाढी पिडीतहरुलाई उचित व्यवस्थापनका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ नगर क्षेत्रमा विद्युत क्षमता विस्तारका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.२२ यस नगरपालिकाका वडा नं १ र ४ को उत्तरी क्षेत्रमा खानेपानीको समस्या रहेकोले स्थायी खानेपानी एवं सिचाईको लागि संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ कृष्णपुर नगरपालिका क्षेत्रमा एक प्राविधिक शिक्षालयको स्थापनाका लागि संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २४ नगर क्षेत्रमा रहेका नगरबासीहरुको स्वास्थ्य सेवालाई ध्यानमा राखी हाल सम्म ४ वडामा मात्र नगरपालिकाबाट स्वास्थ्य सुविधा प्राप्त हुदै आएकोले नगरका ९ वटै वडामा स्वास्थ्य सुविधाका लागि अन्य ५ वडाहरुमा पनि शहरी स्वास्थ्य केन्द्र स्थापनाका लागि संघीय सरकारसंग  सहयोग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.२५ नेपाल सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता वृद्धिका लागि संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २६ नगरमा रहेका झोलुंगे पुलहरु मर्मत सम्भार तथा निर्माणका लागि संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २७ बंक–नाइल सडक स्तरोन्नति एवम् कालोपत्रेका लागि संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २८ हाल यस नगरको ठुलो समस्याका रुपमा रहेका सामुदायिक छाडा चौपायाको व्यवस्थापन कार्यमा थप आर्थिक तथा भौतिक सहयो गरि समस्या सामाधानका लागि संघीय सरकार संग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २९ नगर क्षेत्रमा टेलीफोन सेवा विस्तारका लागि संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३० यस नगरपालिकाको आवश्यक पुर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजनका लागि संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१ यस नगरपालिकामा दरबन्दी अनुसार कर्मचारीको व्यवस्था र सम्पत्ति हस्तान्तरणका लागि संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२  आगामी आ.व. २०७५।०७६ का लागि वडा स्तरीय छनौट भएका योजना तथा बजेट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३  आगामी आ.व. २०७५।०७६ का लागि विषयगत शाखा स्तरीय छनौट भएका योजना तथा बजेट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४  आगामी आ.व. २०७५।०७६ का लागि नगर स्तरीय छनौट भएका योजना तथा बजेट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५  आगामी आ.व. २०७५।०७६ का लागि प्राप्त भएका सशर्त अनुदान योजना तथा कार्यक्रम र बजेट स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३६  संघीय सरकारको अर्थ मन्त्रालय र प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ७ बाट आ.व २०७५।०७६ का लागि प्राप्त बजेट सिलिङ तथा मार्गदर्शन (वित्तिय समानिकरण, राजश्व बाडफाड, समपुरक कोष, प्राकृतिक स्रोतको बाडफाड र शशर्त अनुदान) अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बाडफाड भएका योजनागत बजेट (चालु तथा पुजिगत) लाई स्वीकृत गरियो ।

निर्णय नं. ३७  यस कृष्णपुर  नगरपालिकाको न्यायिक समितीमा तपसिल बमोजिमका सदस्यहरुको मनोनयन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १ | रमिता राना | संयोजक (पदेन) |
| २ | इश्वरी दत्त भट्ट | सदस्य |
| ३ | बहादुर चौधरी | सदस्य |

निर्णय नं. ३८  कृष्णपुर नगरपालिका भित्र संचालनमा रहेका सामुदायिक खानेपानी योजनाहरुको मर्मत सम्भार र व्यवस्थापनका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.३९ प्रत्यक्ष रुपले अवलोकन गरि हासिल गरेको ज्ञान बाट व्यक्तिको क्षमता विकास हुने, अनुभव एवं सिकाईको आदान प्रदान हुने भएकोले अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तता दिने निर्णय गरियो ।

निर्णय नं.४०  यस न.पा. भित्र उत्कृष्ट काम गर्ने कर्मचारी, उपभोक्ता समिति र करदातालाई सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं.४१ नगरपालिका भित्र व्यवस्थित ढल निर्माण र मर्मत सुधार गर्ने एवं सोका लागि नगरपालिकाले सम्बन्धित निकायस“ग साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं.४२ नगरपालिकामा स्थापना भएका विभिन्न कोषहरुको संचालन गर्न कार्यविधि बनाई सोही बमोजिम कोषहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४३ यस कार्यालयमा कार्यरत कर्मचारीको आ.व. २०७४/०७५ को बार्षिक तलबी प्रतिवेदन समर्थन र आ.व. २०७५/०७६ को प्रस्तावित तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४४ नगरपालिका भित्र संचालित घर भित्रको धुवा“ रहित वस्ती, पुर्ण खोपयुक्त, पुर्ण साक्षर, खुलादिशा मुक्त घोषण पस्चातका कार्यक्रम जस्ता अभियानहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.४५ नगरकार्यपालिकाले मिति २०७४/०३/२९ देखि २०७४/५/०७ गते सम्मका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४६  नगरपालिकाको आ.व. २०७५/०७६ को बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.४७ तपसिल बमोजिमका नीतिगत विषयहरुलाई पारित गर्ने निर्णय गरियो ।

- वाणी–देखतभुली सडकलाई स्तरोन्नति गर्न प्रदेश तथा संघीय सरकारसँग माग गर्ने निर्णय गरियो ।
- यस क्षेत्रमा रहेका विभिन्न ताल तलैयाहरु, ऐतिहासिक दृष्टिकोणले महत्वपुर्ण रहेका स्थानहरु संरक्षण सम्बर्धन गर्न अति आवश्यक भएकोले सो का लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

- यस क्षेत्रमा रहेका विभिन्न पर्यटकिय स्थलहरुको संरक्षण सम्बर्धन गर्न अति आवश्यक भएकोले सोका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।
- मुक्त कमैयाहरुलाई नगरपालिकाबाट लागु गरिएको एकिकृत सम्पत्ति कर मिनाहा गर्ने निर्णय गरियो ।
- नगरपालिकाको फोहर मैलाको उचित व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाईनेछ, उक्त कार्य सामुदायिक सहभागीता वा सार्वजनिक निजि साझेदारीको माध्यम बाट व्यवस्था मिलाईने छ र सो हुन नसकेमा संस्थागत करारको माध्यमबाट गरिने छ ।
- नगर क्षेत्रमा सडक वत्तिको आवश्यक व्यवस्था समुदायको सहभागितामा व्यवस्थापन गरिने छ । सो सम्बन्धमा सडक वत्तिको महशुल तिर्ने दायित्व नगरपालिकाले स्वीकार नगर्ने र भुक्तानी पनि नदिने गरि व्यवस्था मिलाइने छ ।
- शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले यस नगरपालिका भित्र संचालनमा रहेका विभिन्न शैक्षिक संस्थाहरुको विकास तथा गुणस्तर सुधारका लागि जनप्रतिनिधिहरु बाट विघालयको नियमित अनुगमनको व्यवस्था मिलाईनेछ ।
- नगरपालिका क्षेत्रको समग्र भौतिक विकास निर्माणको कार्यमा सवै सम्वन्धित निकायहरुसंग समन्वय र सहयोग आदान प्रदान गरि  नगरपालिकालाई भौतिक रुपले सम्पन्न नगरका रुपमा विकसित गरिनेछ ।
- सबभन्दा धेरै तथा नियमित रुपमा समयमै कर तिर्ने करदाताहरुमध्ये १ जनालाई सम्मान गर्ने नीति निरन्तर अबलम्बन गरिनेछ ।
- आर्थिक वर्षको अन्त्य सम्ममा पनि व्यवसाय कर नतिर्ने व्यवसायीहरुलाई कर तिर्नको लागि सो सम्बन्धि सूचना प्रकाशन गरिनेछ । सो को एक महिना भित्र कर नतिरेमा उनीहरुलाई न.पा. ले प्रदान गर्ने सम्पूर्ण सेवा, सुविधा रोक्का गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय गरिरहेका व्यवसायीहरुलाई २०७५ माघ मसान्त सम्म नगरपालिकामा दर्ता हुन सूचित गरिनेछ सोका लागि उद्योग वाणिज्य संघ संग आवश्यक समन्वय गरिनेछ ।
- राजश्व अशुली कार्यलाई वस्तुपरक र प्रभावकारी बनाउन उद्योग वाणिज्य संघ समेतको सहभागितामा करदाता र करयोग्य वस्तुको आवश्यक तथ्यांकलाई अध्यावधिक गरिनेछ ।
- नगरपालिकाको नाममा रहेको सम्पुर्ण चल, अचल सम्पति तथा नगरपालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पति (सडक, पेटी, फुटपाथ, मन्दिर, पर्ती ऐलानी जग्गा आदि) को लगत तयार तथा अद्यावधिक गर्ने तर्फ पहल गरिनेछ ।
- नगर क्षेत्रमा रहेका सार्वजनिक क्षेत्र एवम् सार्वजनिक बाटोमा पर्ने रुखहरु व्यवस्थापनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।
- नगरपालिकामा सेवाग्राहीलाई सहज किसिमले सेवा प्राप्त गर्ने वातावरण निर्माण गर्न एक सहयोग कक्ष **(Help Desk)** एवं गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको हरेक सूचनालाई **Website** मा राखीने एवं सफ्टवेयरका माध्यमबाट कामकाज गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाको सांगठनिक संरचनालाई समयानुकूल चुस्त, सक्षम, मितव्ययी, प्रतिस्पर्धी र नतिजामुखी बनाउन संगठन विकास अध्ययनका लागि सहयोग गर्न सम्वन्धित निकायमा समन्वय तथा अनुरोध गरिनेछ ।
- कर्मचारीहरुको का.स.मु. लाई कार्य विवरण संग आवद्ध गरी वस्तुगत, नियमित र प्रभावकारी बनाइनेछ । यसको आधारमा कर्मचारीहरुको आन्तरिक सरुवा, पदस्थापना, तालिम, पुरस्कार, दण्ड र प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- चुरे क्षेत्र दिन प्रति दिन मासिदै गइरहेको कारण भुःक्षय, बाढि, पहिरो, डुवान, पटान आदि समस्याबाट जोगिन चुरे संरक्षणका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।
- नगरपालिकाका हरेक वडाहरुमा वडा समिति, टोल विकास संस्था, गै.स.स र स्थानीय क्लबहरुको सहभागितामा नगर सफाईको कार्यक्रम विस्तार गरिने नीति लिईने छ ।
- घर धुरीवाट निस्कने फोहरको मात्रा घटाउन विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ । फोहरमैला ब्यवस्थापन लाई प्रभावकारी रुपमा अगाढी बढाउन निकट भविष्यमा एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्रका लागि जग्गा व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।
- नगर क्षेत्र भित्र फोहर एवं निर्माण सामग्री फाल्नेलाई फोहरमैला व्यबस्थापन ऐन एवं नियमावली बमोजिम कारवाहीको नीति अवलम्बन गरिनेछ ।
- निर्माण सामग्रीलाई सडकमा लामो सयम सम्म राख्ने कार्यलाई निरुत्साहित गर्दै निश्चित समयमा न.पा. ले विशेष शुल्क लिई निर्माण सामग्री व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- छाडा कुकुर तथा पशु चौपाया नियन्त्रण एवं रेविज विरुद्ध खोप कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरपालिका स्थित कृषि हाटबजार, व्यबस्थित माछा मासु पसल संचालन तथा व्यवस्थापनका लागि सम्वन्धित निकायसंग सहकार्य गरिनेछ साथै त्यस्ता कार्य सार्वजनिक निजि साझेदारी **Pubilc Private Partnership (PPP Model)** बाट संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- यस नगरपालिका भित्र रहेको खाली तथा पर्ति जमिनको लगत राखि त्यस्ता क्षेत्र लाई सार्वजनिक पार्कका रुपमा विकास गर्न पहल गरिनेछ ।

- ❖ नगरपालिका भित्रका नक्सामा कायम भएका तर चालु नभएका वाटालाई चालु गर्न वडा भेलावाट पनि माग भई आएकाले न.पा.को मापदण्ड अनुसार उक्त बाटाहरु खोल्ने तर्फ आवश्यक पहल गरिनेछ ।
- ❖ गाउँ टोल वडा बस्ती जोड्ने नयाँ खोल्ने वाटाको चौडाई न.पा. को दुर भविष्यलाई ध्यानमा राखि न्यूनतम ६ मिटर राख्नु पर्ने सरकारी नीति अबलम्बन गरिनेछ ।
- ❖ नगर क्षेत्रको धार्मिक, साँस्कृतिक, साहित्यिक क्षेत्रको क्षेत्रगत अवस्थाको पहिचान गरी क्षेत्रगत विकासका लागि कार्यक्रमहरुको तर्जूमा गरिनेछ ।
- ❖ अपाङ्ग—असहायहरुको लगत संकलन गरी क्षमता अनुसारको उद्यमशिलता विकासका लागि उचित अवसरको श्रृजना गरिनेछ ।
- ❖ विभिन्न संस्थाहरुसंग समन्वय गर्दै आर्थिक विकासका गतिविधीहरु संचालन गरिनेछ ।
- ❖ सार्वजनीक निजी साझेदारी समितिलाई सक्रिय गराई साझेदारीका क्षेत्रहरु छनौट गरी सार्वजनीक निजी साझेदारी अवधारण अनुसारका सामाजिक विकासका गतिविधी संचालन गरिनेछ ।
- ❖ नगर क्षेत्रका धार्मिक स्थलहरुको लगत संकलन गरी व्यवस्थित संचालनका लागि व्यवस्थापन समिति गठन गर्ने र यस्ता संस्थाको संरक्षण एवं सम्वर्धन गरिनेछ ।
- ❖ दलित, जनजाति, आदिवासी, लोपोन्मुख, मुस्लिम, मधेसी, महिला एवं पिछडिएका वर्गहरुको छुट्टाछुट्टै सशक्तिकरण एवं उद्यम विकासका योजनाहरु वनाई कार्यान्वयन गरिनेछ ।
- ❖ कला, संस्कृति, साहित्य, खेलकूद, शिक्षा, व्यवसायिकताको प्रवद्र्धन तथा सम्वद्र्धनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- ❖ यस नगरपालिका भित्रका सार्वजनिक बाटाहरु मिचिएको अवस्थामा रहेकाले ति बाटाहरुमा भारी सवारी साधन हिड्न सजिलो हुने गरि खुलाउन आवश्यक पहल गरिनेछ ।
- ❖ यस न.पा. का ९ वटै वडाहरुलाई क्रमशः बालमैत्री एवं वातावरणमैत्री वडा घोषणा गरि यस नगरपालिकालाई बालमैत्री एवं वातावरणमैत्री नगरको रुपमा पहिचान गर्न आवश्यक कार्य गरिनेछ ।
- ❖ यस न.पा. को सिमाना वरीपरीका वडाहरुलाई छुने गरि चक्रपथ निर्माण गर्नको लागि सम्बन्धित निकाय संग आवश्यक पहल गरिनेछ ।
- ❖ यस न.पा. को भु–उपयोग नीति बनाउनु अति आवश्यक भएकोले उक्त नीति लाई पारित गर्न नगरकार्यपालिका लाई अधिकार दिइनेछ ।
- ❖ यस न.पा. क्षेत्र भित्र रहेका विद्यालय र स्वास्थ्य चौकीको वरीपरि मदिरा पसल एवं डि.जे. साउण्डहरु नियमानुसारको दुरी भित्र राख्न नमिल्ने भएको हुदा सोका लागि सम्बन्धित निकाय संग समन्वय गरि आवश्यक पहल गरिनेछ ।
- ❖ यस न.पा. भित्र रहेका व्यक्तिगत सवारी साधन बाटोमा राख्ने प्रचलन रहेको जसको कारण दुर्घटना वढी हुने गरेकोले यस्ता कार्य रोक्न स्थानीय प्रशासन संग आवश्यक समन्वय गरिनेछ ।
- ❖ यस न.पा. भित्र रहेका सामुदायिक बनहरु लाई न.पा. संग समन्यव गरि काम काज गर्नका लागि अनुरोध गरिनेछ ।
- ❖ यस नगरपालिका भित्रका विभिन्न नदिनालाहरुमा पक्की पुलहरुको आवश्यकता भएकोले सोको अध्ययन गरि निर्माण गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।
- ❖ यस न.पा. मा मल खाद्य, विउ विजन र कोल्ड स्टोरको व्यवस्थाका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।
- ❖ यस न.पा. मा वर्षेनी बाढी आइरहने जसले गर्दा धनजनको क्षती हुने भएकोले बाढी प्रभावित क्षेत्र घोषणाका लागि संघीय सरकारलाई अनुरोध गरिनेछ ।
- ❖ आयआर्जन सम्बन्धि कार्यक्रम एवं उन्नत जातका व्यवसायीक पशुपालन गर्न आवश्यक सहयोगका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

निर्णय नं.४८ शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले यस नगरपालिका भित्र रहेका क्याम्पस, विद्यालयहरु र बाल विकास केन्द्रहरुको विकास र गुणस्तर सुधारका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.४९ बजार क्षेत्रमा माछा मासु तथा फलफुल व्यवसाय गर्ने व्यवसायीहरुलाई व्यवस्थित गर्न बजार व्यवस्थापन समितिको सहयोग लिई आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.५० नगरपालिकामा नागरिक वडा पत्र बनाई कार्यान्वयनमा ल्याइनेछ साथै यसलाई पुस्तकको रुपमा समेत प्रकाशनको व्यवस्था मिलाईनेछ ।

निर्णय नं.५१ आर्थिक विकासका लागि कृषि क्षेत्रलाई प्राथमिकतामा राखि भूमीगत सिचाई, लिफ्ट सिचाँई र विद्युत्तिय सिचाईका लागि पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.५२ प्रत्येक वडाको गरीबीको अवस्था पहिचान गरि आवश्यकता र चाहना अनुसार उद्यम व्यवसायको विकासमा सहयोग पुर्याउदै लक्षित वर्ग केन्द्रित गतिविधि सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५३ न.पा. को स्वामित्वमा रहेका र हस्तान्तरण भई आउने जग्गा, भवन लगायतका जिन्सी समानहरुको अभिलेख तयार गरि सोको संरक्षणको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.५४ यस नगरपालिका भित्रका सार्बजनिक भबनहरुको नक्सा पास गर्दा अपाङ्ग मैत्री भबन निर्माण गर्ने गरि नक्सा पास गर्ने निर्णय गरियो ।

निर्णय नं.५५ जिल्ला स्थित बिषयगत कार्यालयहरु संग समन्वय एवं सहकार्य गरि बिभिन्न आय मुलक, सिप मुलक तथा उत्पादन मुलक तालिम तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.५६ नगरपालिका क्षेत्र भित्र कार्य गर्ने गैर सरकारी संघ संस्थाले नगरक्षेत्रमा कार्य गर्दा नगरपालिका संग समन्वय गरि गर्नु पर्ने छ अन्यथा त्यस्ता संघ संस्थाले गरेको कार्यको कुनै पनि सिफारिस नगर्ने निर्णय गरियो ।

निर्णय नं.५७ नगरपालिकाको ९ वटै वडाहरुमा टेलीफोनको लाईन बिस्तार गरि सेवा बिस्तार गर्न नेपाल टेलिकम कार्यालय महेन्द्रनगर कञ्चनपुरमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.५८ यस नगरमा विपत जोखिम व्यवस्थापन तथा जलवायु परिर्वतन व्यवस्थापनलाई नगर विकास योजनासंग मुल प्रबाहिकरण गर्दै सो संग सम्बन्धित कार्यविधिहरु निर्माण गरि कार्य थालनी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५९ यस अघि कर्मचारीहरु लाई उपलब्ध गराउदै आएको स्थानिय निकाय सहुलियत भत्तालाई निरन्तरता दिने निर्णय पारित गरियो ।

निर्णय नं.६० नगरसभा बाट देहायबमोजिको अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

क) स्वीकृत बार्षिक नगर विकास कार्यक्रम तथा बजेटलाई औचित्य र आवश्यकताको आधारमा सामान्य संशोधन, थपघट, हेरफेर वा परीमार्जन गर्ने ।

ख) नगरपालिका श्रोतहरुको सम्भावनाको आधारमा राजश्व परमर्शको समितिको सिफारिसमा कर, दस्तुर, महसुल, शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नयाँ क्षेत्र पहिल्याइ कर कायम गर्ने ।

ग) नगरपालिकाको तर्फबाट लक्षित बार्षिक कार्यक्रमको उद्देश्य पुरा हुनेगरि सहयोगी दातृनिकाय एवं साझेदार संघसंस्थाहरुसँग द्विपक्षीय, बहुपक्षीय सम्झौता एवं समझदारी गर्ने ।

घ) नगरपालिका क्षेत्र भित्र नगरपालिका आफैले बनाएको वा हस्तान्तरण भई आएका राजमार्ग र सहायक मार्गहरु बाहेक सम्पुर्ण सडकहरुमा प्रचलित ऐन, नियममा उल्लेखित दरको परिधी भित्र रही पटके सवारी कर लगाउने ।

ङ) यस नगरपालिका क्षेत्र भित्र रहेका श्रोतहरुको पहिचान तथा श्रोत नक्सांङ्कन गर्ने कार्य ।

निर्णय नं. ६१ स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ परिच्छेद ४ को बुदां नं. ३१ मा भएको व्यवस्था अनुसार प्रत्येक आ.व.को बार्षिक कार्यान्वियन कार्यतालिका स्वीकृत गरी स्वीकृत कार्यतालिका बमोजिम योजना तथा कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले आ.व. २०७४/०७५ मा संचालन हुने योजना तथा कार्यक्रमहरुको बार्षिक कार्यान्वयन कार्य तालिका स्वीकृत गर्ने निर्णय गरियो

कृष्णपुर नगरपालिका

बार्षिक कार्यतालिका आ.व. २०७४/०७५

| सि. नं. | कार्य विवरण | महिना | | | | | | | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैशाख | जेष्ठ | असार | |
| १ | आयोजनाहरु को मार्ग, छनौट र निर्णय | | | | | | | | | | | | | |
| २ | आयोजनाहरुको सर्भे, डिजाइन तथा लागत इष्टिमेट तयार गर्ने | | | | | | | | | | | | | |
| ३ | कार्यक्रम पेश तथा स्वीकृती | | | | | | | | | | | | | |
| ४ | आयोजनाहरु को कार्य संचालन | | | | | | | | | | | | | |
| ५ | आयोजनाको अनुगमन तथा जाँचपास तथा फरफारक | | | | | | | | | | | | | |

निर्णय नं.६२ आर्थिक वर्ष २०७४।०७५ को जिन्सी निरिक्षण प्रतिवेदनमा औल्याइएको सझावहरुलाई नगरपालिकाले कार्यान्वयन गर्ने गरी निर्देशन गर्दै सो प्रतिवेदन पारित गर्ने निर्णय गरियो । कार्यालयको जिन्सी शाखामा रहेको टुटेफुटेका काम नलाग्ने सामाग्रीहरुको नियमानुसार लिलामी प्रक्रिया अगाडि बढाउन नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.६३ कृष्णपुर नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्यलाई प्रतिकुल अशर पर्ने खालका वस्तुहरुको उपभोग तथा वेचविखनमा रोक लगाउनुको साथै कालो वजारी नियन्त्रण गर्ने सम्वन्धमा सरकारी निकाय,उपभोक्ता हित संरक्षण मञ्च, उधोग वाणिज्य संघ र सम्वन्धित सरोकारवाला निकायहरु संग समन्वय गरी कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं.६४ फोहरमैला व्यवस्थापनका लागि श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन वमोजिम निजि संस्थाहरुसंग समन्वय गरि एएए को अवधारण अनुरुप साझेदारीमा गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६५ माथि उल्लेखित निर्णयहरु वाहेक गत विगतका नगर परिषद एवम् नगर सभावाट पारित गरिएका नीतिगत निर्णयहरुमा थपघट हेरफेर नभएका निर्णयहरु कार्यान्वयन यथावत रुपमा कायमै रहने निर्णय पारित गरियो ।

निर्णय नं.६६ यस कृष्णपुर नगरपालिकाको प्रवक्तामा श्री छत्र बहादुर महरालाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं.६७ कृष्णपुर नगरपालिका भित्र रहेका शिविरहरुमा विगत वर्ष देखी निरन्तर रुपमा वसोवास गरि रहेका भूमिहिनहरुलाई राज्यवाट उपयुक्त स्थानमा अर्को व्यवस्था नहुन्जेलसम्म थप वन क्षेत्र अतिक्रमण नहुने गरि सोहि स्थानमा वस्न दिन सम्वन्धित निकायहरुमा अनुरोध गर्ने निर्णयका साथै मानविय आवश्यकताका लागि आवश्यक पर्ने आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्य, खानेपानी विद्युत र यातायात विकाशका लागि पूर्वाधारहरु व्यवस्था गर्न सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६८ कृष्णपुर न.पा. का विभिन्न वडाहरुमा रहेका नदिनालाहरुवाट वर्षेनी भू–क्षय, नदि कटान भईरहेकोले तटवन्ध निर्माणका लागि सम्वन्धित निकायहरु माग गर्ने निर्णय गरियो ।

निर्णय नं.६९ कृष्णपुर स्वास्थ्य चौकिलाई नगर अस्पतालको रुपमा स्तरोन्नति गर्न संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.७० नगर क्षेत्र भित्रका उधोग, व्यवसाय पशल आदि सम्पुर्णलाई करको दायरामा ल्याउन दर्ता तथा नविकरण कार्यका लागि अभियान संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.७१ विकास निर्माण लगायत सम्पुर्ण काममा सवैको सक्रिय सहभागिता भए मात्र गति लिन सक्छ । निरन्तर ईमान्दार लगनशिलरुपमा काम गर्ने कर्मचारीलाई हौसला प्रदान गर्न सके यसवाट उनिहरुको अझ जोश र जागरमा वृद्धि भई समग्ररुपमा नगरपालिकाकै काम कारवाहिमा सकारात्मक परिवर्तन आउने हुदा उत्कृष्ट काम गर्ने कर्मचारी÷निर्माण व्यवसायि ÷उपभोक्ता समितिहरुलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

निर्णय नं.७२ न.पा. मा आवश्यक पर्ने कर्मचारीहरु नियमानुसार करार सेवामा भर्ना गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निणर्य गरियो ।

कृष्णपुर नगरपालिका

| नगर कार्यपालिकाका पदाधिकारीहरु | | | | |
|---|---|---|---|---|
| सि.नं. | पद | जनप्रतिनिधिको नाम | लिंग | फोन नम्बर |
| 1 | **नगर प्रमुख** | कर्ण बहादुर हमाल | पुरुष | 9858750621 |
| 2 | **नगर उपप्रमुख** | रमिता राना बडायक | महिला | 9815667792 |
| 3 | वडा नम्बर १ अध्यक्ष | मोहन बहादुर बस्नेत | पुरुष | 9848630088 |
| 4 | वडा नम्बर २ अध्यक्ष | जय नारायण जोशी | पुरुष | 9810676445 |
| 5 | वडा नम्बर ३ अध्यक्ष | सुन्दर चौधरी | पुरुष | 9806430578 |
| 6 | वडा नम्बर ४ अध्यक्ष | तेज बहादुर रावल | पुरुष | 9868411315 |
| 7 | वडा नम्बर ५ अध्यक्ष | आशुराम चौधरी | पुरुष | 9868442635 |
| 8 | वडा नम्बर ६ अध्यक्ष | नत्थुराम चौधरी | पुरुष | 9809449934 |
| 9 | वडा नम्बर ७ अध्यक्ष | कल्लु राना | पुरुष | 9812630480 |
| 10 | वडा नम्बर ८ अध्यक्ष | अम्मर सिंह बडायक | पुरुष | 9868405092 |
| 11 | वडा नम्बर ९ अध्यक्ष | छात्रबहादुर महरा | पुरुष | 9815629327 |
| 12 | कार्यपालिका सदस्य | बिमला कुमारी थापा | महिला | 9810650293 |
| 13 | कार्यपालिका सदस्य | हरुवा सार्की | पुरुष | 9848745216 |
| 14 | कार्यपालिका सदस्य | तुलसी देवी कलौनी | महिला | 9810642256 |
| 15 | कार्यपालिका सदस्य | बसन्ती देवी रावल | महिला | 9813667575 |
| 16 | कार्यपालिका सदस्य | गोबिन्द बि.के. | पुरुष | 9811662755 |
| 17 | कार्यपालिका सदस्य | लक्ष्मी देवी चौधरी | महिला | 9812612041 |
| 18 | कार्यपालिका सदस्य | भवानी पार्की | पुरुष | 9804641568 |
| 19 | कार्यपालिका सदस्य | धर्मा देवी विश्वकर्मा | महिला | 9812601565 |

| नगर सभाका सदस्यहरु (कार्यपालिकाका सदस्य बाहेक) | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | वडा नं. | पद | जनप्रतिनिधिको नाम | लिङ्ग | फोन नम्बर |
| 1 | १ नम्बर वडा | दलित महिला सदस्य | सिता देवी सार्की | महिला | 9810611953 |
| 2 | | सदस्य | काली दास डगौरा | पुरुष | 9806450944 |
| 3 | | सदस्य | तेज बहादुर चौधरी | पुरुष | 9810634810 |
| | | | | | |
| 4 | २ नम्बर वडा | दलित महिला सदस्य | जगु देवी सुनारनी | महिला | 9810680165 |
| 5 | | सदस्य | कासी राम जैसी | पुरुष | 9806434604 |
| 6 | | सदस्य | बहादुर चौधरी | पुरुष | 9805770028 |
| | | | | | |
| 7 | ३ नम्बर वडा | महिला सदस्य | कमलफुल राना | महिला | 9812709954 |
| 8 | | सदस्य | जहर सिंह कुवर | पुरुष | 9815689137 |
| 9 | | सदस्य | रघुवीर राना | पुरुष | 9804674721 |
| | | | | | |
| 10 | ४ नम्बर वडा | दलित महिला सदस्य | आशा देवी ओड | महिला | 9806441657 |
| 11 | | सदस्य | सन्तराम चौधरी | पुरुष | 9869754821 |
| 12 | | सदस्य | ईश्वरी दत्त भट्ट | पुरुष | 9749510327 |
| | | | | | |
| 13 | ५ नम्बर वडा | दलित महिला सदस्य | सावित्री वि.क. | महिला | 9824681802 |
| 14 | | सदस्य | बल बहादुर महरा | पुरुष | 9868527914 |
| 15 | | सदस्य | गगन बहादुर खड्का | पुरुष | 9868728844 |
| | | | | | |
| 16 | | महिला सदस्य | सीता देवि चौधरी | महिला | 9868857048 |

| | | | | | |
|---|---|---|---|---|---|
| 17 | | दलित महिला सदस्य | आशा ताम्राकार | महिला | 9812771507 |
| 18 | | सदस्य | दशी राम थारु डगौरा | पुरुष | 9865811326 |
| 19 | | सदस्य | चन्द्रकान्त भण्डारी | पुरुष | 9825624513 |
| | | | | | |
| 20 | ७ नम्बर वडा | महिला सदस्य | मिना देवी कार्की | महिला | 9824642811 |
| 21 | | दलित महिला सदस्य | संगीता ताम्राकार | महिला | 9804652007 |
| 22 | | सदस्य | अगर वहादुर डगौरा | पुरुष | 9812600292 |
| 23 | | सदस्य | कमल सिंह खडका | पुरुष | 9824670458 |
| | | | | | |
| 24 | | महिला सदस्य | पबित्रा बिष्ट | महिला | 9860137240 |
| 25 | | दलित महिला सदस्य | अर्चना नेपाली | महिला | 9815607397 |
| 26 | | सदस्य | जय बहादुर भण्डारी | पुरुष | 9815647846 |
| 27 | | सदस्य | हरि राम डंगौरा | पुरुष | 9749513656 |
| | | | | | |
| 28 | ९ नम्बर वडा | महिला सदस्य | शारदा देबी चौधरी | महिला | 9804637270 |
| 29 | | सदस्य | चन्द्र बहादुर राना | पुरुष | 9824688437 |
| 30 | | सदस्य | नन्द लाल राना थारु | पुरुष | 9824691855 |

**कृष्णपुर नगरपालिकामा कार्यरत कर्मचारीको विवरण**

| सि.नं. | नाम थर | पद | कार्यरत कार्यालयको नाम ठेगाना | फोन नम्बर |
|---|---|---|---|---|
| 1 | महेश बहादुर बम | प्रमुख प्रशासकीय अधिकृत | कृष्णपुर नगरपालिका | 9858732111 |
| 2 | सुरेन्द्र राज पन्त | लेखा अधिकृत | कृष्णपुर नगरपालिका | 9848878935 |
| 3 | नब राज भट्ट | शाखा अधिकृत | कृष्णपुर नगरपालिका | 9841745773 |
| 4 | प्रेम बोगटी | सा.बि.अ. | कृष्णपुर नगरपालिका | 9858750685 |
| 5 | चुडामणी प्रसाद कलौनी | सिभिल इन्जिनियर | कृष्णपुर नगरपालिका | 9851203246 |
| 6 | मदन राज पाण्डेय | सूचना प्रबिधि अधिकृत | कृष्णपुर नगरपालिका | 9848722717 |
| 7 | हरि प्रसाद भट्ट | नायब सुब्बा | कृष्णपुर नगरपालिका | 9868433086 |
| 8 | जित बहादुर ऐरी | नायब सुब्बा | कृष्णपुर नगरपालिका | 9858422575 |
| 9 | राम प्रसाद बोहरा | नायब सुब्बा | कृष्णपुर नगरपालिका | 9948731808 |
| 10 | प्रेम बहादुर बिस्ट | नायब सुब्बा | कृष्णपुर नगरपालिका | 9848764933 |
| 11 | चेत बहादुर खत्री | लेखापाल | कृष्णपुर नगरपालिका | 9848630407 |
| 12 | लाल बहादुर शाही | लेखा सहायक | कृष्णपुर नगरपालिका | 9848023323 |
| 13 | गणेश सिंह ऐरी | कम्पुटर अपरेटर | कृष्णपुर नगरपालिका | 9858753800 |
| 14 | दिपक सिंह धामी | स.क.अपरेटर | कृष्णपुर नगरपालिका | 9848484522 |
| 15 | लोकराज भट्ट | सब इन्जिनियर | कृष्णपुर नगरपालिका | 9848841203 |
| 16 | क्रिश्नानन्द भट्ट | अ.सब इन्जिनियर | कृष्णपुर नगरपालिका | 9865651866 |
| 17 | मन बुझौना चौधरी | सब इन्जिनियर | कृष्णपुर नगरपालिका | 9848897050 |
| 18 | यज्ञ राज पनेरु | खरिदार | कृष्णपुर नगरपालिका | 9848726819 |
| 19 | मनिराम चौधरी | स.क.अपरेटर | कृष्णपुर नगरपालिका | 9848622687 |
| 20 | मान बाहादुर बोहरा | अ.सब इन्जिनियर | कृष्णपुर नगरपालिका | 9810608339 |
| 21 | माला गौतम | म.बि.नि. | कृष्णपुर नगरपालिका | 9848878140 |
| 22 | रमा कुमारी थापा | का.स. | कृष्णपुर नगरपालिका | 9848208818 |
| 23 | राम कुमार चौधारी | का.स. | कृष्णपुर नगरपालिका | 9810667333 |
| 24 | भजौरा राना | का.स. | कृष्णपुर नगरपालिका | 9812600671 |
| 25 | गोपाल सिंह ऐरी | हे.स.च. | कृष्णपुर नगरपालिका | 9867464562 |
| 26 | घनश्याम जोशी | सा.प. | कृष्णपुर नगरपालिका | 9868961473 |
| 27 | गौरी चटौत जोशी | सा.प. | कृष्णपुर नगरपालिका | 9848616155 |
| 28 | हरि भाट | का.स. | कृष्णपुर नगरपालिका | 9824692988 |
| 29 | प्रकाश चौधारी | सी.अ.हे.ब. | कृष्णपुर नगरपालिका | 9867315645 |

| | | | | |
|---|---|---|---|---|
| 30 | गजेन्द्र बहादुर बिस्ट | सी.स.हे.ब. | कृष्णपुर नगरपालिका | 9868797989 |
| 31 | आनन्द चौधारी | का.स. | कृष्णपुर नगरपालिका | 9806455240 |
| 32 | गोमती कार्की | सहजकर्ता | कृष्णपुर नगरपालिका | 9849859885 |
| 33 | बिन्दु कुवर | प्रा.स. | कृष्णपुर नगरपालिका | 9865609682 |
| 34 | दिल बहादुर चौधरी | ना.प्रा.स | कृष्णपुर नगरपालिका | 9868721550 |
| 35 | संगीता चन्द | ना.प्रा.स. | कृष्णपुर नगरपालिका | 9868556803 |
| 36 | लक्ष्मी भन्डारी ऐर | ना.प्रा.स. | कृष्णपुर नगरपालिका | 9868570000 |
| 37 | सपना गुरुङ | ना.प्रा.स. | कृष्णपुर नगरपालिका | 9848740887 |
| 38 | हर्क बहादुर खडका | का.स. | कृष्णपुर नगरपालिका | 9868442674 |
| 39 | जयदेव जोशी | पशु बिकास अधिकृत | कृष्णपुर नगरपालिका | 9848453229 |
| 40 | जीत बहादुर जेठारा | सा.प. | भेटनरी कृष्णपुर | 9848461525 |
| 41 | किरण थापा | ना.प्रा.स. | भेटनरी कृष्णपुर | 9821207549 |
| 42 | बिर सिंह धामी | का.स. | भेटनरी कृष्णपुर | 9868574485 |
| 43 | पुर्णनन्द जोशी | जनस्वास्थ्य निरीक्षक | रैकवार स्वा.चौ. | 9759004390 |
| 44 | प्रेम प्रसाद भण्डारी | सी.अ.हे.ब. | रैकवार स्वा.चौ. | 98487539971 |
| 45 | नवराज रेग्मि | अ.हे.ब. | रैकवार स्वा.चौ. | 9841583458 |
| 46 | राजेन्द्र ठगुन्ना | अ.हे.ब. | रैकवार स्वा.चौ. | 9848724212 |
| 47 | सिता राना | अ.न.मि. | रैकवार स्वा.चौ. | 9801720155 |
| 48 | निर्मला खडका | अ.न.मि. | रैकवार स्वा.चौ. | 9848461754 |
| 49 | लक्ष्मी रोकाय | का.स. | रैकवार स्वा.चौ. | 9811664175 |
| 50 | बिमला भट्ट | अ.न.नमि. | रैकवार स्वा.चौ. | 9841063231 |
| 51 | निर्मालता भट्ट | का.स. | रैकवार स्वा.चौ. | 9800696055 |
| 52 | तिर्थु राना | ल्याब असिस्टेन्ट | रैकवार स्वा.चौ. | 9804604799 |
| 53 | जमुना पौडेल | अ.हे.ब. | रैकवार स्वा.चौ. | 9865605464 |
| 54 | बंसिराज भट्ट | हेल्थ असिस्टेन्ट | कृष्णपुर स्वा.चौ. | 9848986259 |
| 55 | गोमति जोशी | सि.अ.न.मि. | कृष्णपुर स्वा.चौ. | 9848712092 |
| 56 | चित्रा भन्डारी | अ.न.मि. | कृष्णपुर स्वा.चौ. | 9848759546 |
| 57 | बागमति ऐरी | अ.न.मि. | कृष्णपुर स्वा.चौ. | 9868444271 |
| 58 | निरज पाठक | अ.हे.ब. | कृष्णपुर स्वा.चौ. | 9868268654 |
| 59 | ज्योती ओझा | ल्याब असिस्टेन्ट | कृष्णपुर स्वा.चौ. | 9865756709 |
| 60 | गोविन्द रावल | अ.हे.ब. | गोडाघाट स्वा.चौ. | 9848533393 |
| 61 | अपेक्षा जोशी | अ.न.मि. | रैकबार स्वा.चौ. | 9811622356 |
| 62 | गंगा दत्त भट्ट | अ.हे.ब. | निगाली सा.स्वा.इ. | 9848817118 |
| 63 | विना जोशी | अ.न.मि. | निगाली सा.स्वा.इ. | 9848848728 |
| 64 | भिम कपडयाल | का.स. | कृष्णपुर नगरपालिका | 9815661734 |
| 65 | सुरिता चौधरी | का.स. | कृष्णपुर नगरपालिका | 9840403207 |
| 66 | हरि दत्त भट्ट | का.स. | कृष्णपुर नगरपालिका | – |
| 67 | कृष्णा चौधरी | सा.प. | कृष्णपुर नगरपालिका | 9848427655 |
| 68 | मान बहादुर कार्की | ह.स.चा. | कृष्णपुर नगरपालिका | 9867275450 |












मुद्रक : श्री मल्लिकार्जुन छापाखाना महेन्द्रनगर, भसि नं. १ (फोन ०९९-५२२८४६, ९८४८४१७५९६)